## अध्याय एक
# शोधपरिचय

### १.१ शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक "लमजुङ जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन" रहेको छ ।

### १.२ शोधको प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय नेपाली शिक्षा विभागअन्तर्गत स्नातकोत्तर तह, दोस्रो वर्षको पाँचौं पत्र (नेपा.शि. ५९८) को उद्देश्य पूरा गर्ने प्रयोजनका निम्ति तयार पारिएको हो ।

### १.३ समस्याकथन

मानिसलाई सामाजिक प्राणीका रूपमा स्थापित गराउने मुख्य साधन भाषा हो । भाषा मानवीय विचार विनिमयको सशक्त माध्यम हो । भाषाले नै मानवलाई अरू प्राणीभन्दा भिन्न तुल्याएको हो । विचार विनिमय भाषाका दुई माध्यमबाट हुन्छ । ती हुन्: मौखिक र लिखित । मौखिक माध्यमबाट ज्ञान आर्जनको एक सशक्त माध्यमको रूपमा पढाइ रहेको छ । ज्ञान आर्जनका लागि पढाइ सीपको साथै पठनबोध क्षमताको पनि विकास हुन आवश्यक देखिन्छ । पठनबोध क्षमताविना विद्यार्थीहरूले आवश्यक ज्ञान प्राप्त गर्न सक्दैनन् ।

जबसम्म सम्बन्धित कक्षाका सम्बन्धित विषयका शिक्षकले आफ्ना विद्यार्थीहरूको पठनबोधसँग सम्बन्धित समस्याहरूको बारेमा यथार्थ जानकारी प्राप्त गर्न सक्दैनन् तबसम्म उक्त कक्षाका विद्यार्थीहरूका लागि निर्माण गरिएका पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षण सामग्री तथा सिकाइ क्रियाकलाप जतिसुकै स्तरीय भए पनि त्यसबाट कुनै उपलब्धि हासिल हुन सक्दैन । अतः लमजुङ जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन शोध समस्याको रूपमा रहेको हो । यस अध्ययनसँग सम्बन्धित समस्यालाई निम्नअनुसार उल्लेख गर्न सकिन्छ ।

(क) कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमता के कस्तो छ ?

(ख) भाषिक पृष्ठभूमिको आधारमा नेपाली मातृभाषी तथा नेपाली विमातृभाषी विद्यार्थीहरूको पठनबोध क्षमता के कस्तो छ ?

(ग) लैङ्गिक आधारमा छात्र तथा छात्राको पठनबोध क्षमता के कस्तो छ ?

(घ) निजी तथा सरकारी विद्यालयमा पढ्ने विद्यार्थीहरूको पठनबोध क्षमता के कस्तो छ ?

(ङ) स्थानीयताका आधारमा गाउँ तथा सहरका विद्यार्थीहरूको पठनबोध क्षमता के-कस्तो छ ?

### १.४ शोधको उद्देश्य

(क) कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमता पहिल्याउनु,

(ख) उक्त कक्षामा अध्ययनरत विद्यार्थीहरूको स्थानीयता, भाषिक पृष्ठभूमि, लैङ्गिकता, विद्यालयको प्रकृति र जातीयताका आधारमा पठनबोध क्षमताको पहिचान गर्नु,

(ग) उक्त समूहबीच पठनबोध नमुनाको तुलनात्मक विश्लेषण गर्नु ।

(घ) उक्त कक्षाामा अध्ययनरत विद्यार्थीहरूको दृष्टांश र अदृष्टांश पाठ्यउद्धरणका बीच पठनबोध क्षमताको तुलनात्मक स्थिति पहिचान गर्नु,

(ङ) पठनबोध क्षमताको अभिवृद्धिका लागि आवश्यक सुझाव दिनु ।

### १.५ प्राक्कल्पनाः

(क) कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमता सन्तोषजनक छ ।

(ख) गाउँ वा सहरी क्षेत्रका विद्यार्थीहरूको पठनबोध क्षमतामा सार्थक अन्तर छैन ।

(ग) नेपाली मातृभाषी र विमातृभाषी विद्यार्थीहरूको पठनबोध क्षमतामा सार्थक अन्तर छैन ।

(घ) छात्र र छात्राको पठनबोध क्षमतामा सार्थक अन्तर छैन ।

(ङ) निजी र सार्वजनिक विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमतामा सार्थक अन्तर छैन ।

(च) विभिन्न जाति विद्यार्थीहरूमध्ये कुनै पनि जाति विद्यार्थीहरूको पठनबोध क्षमतामा सार्थक अन्तर छैन ।

## १.६ पूर्वकार्यको समीक्षा

मानिसले कुनै नयाँ कार्यको प्रारम्भ गर्नुभन्दा पहिला त्यस कार्यसँग सम्बन्धित कार्यहरू अगाडि भएका छन् कि छैनन् भनी पूर्वकार्यको खाजी गर्नु राम्रो हुन्छ । पूर्वकार्यका अनुभवहरूले वर्तमानमा गर्न लागेका कार्यलाई अगाडि बढ्न सहयोग पुऱ्याउँदछ । प्रस्तुत अध्ययन लमजुङ जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन भएकाले यसभन्दा पूर्व यस किसिमका पठनबोध सम्बन्धी अध्ययनका कार्यहरू के-कति भएका छन् भनी जानकारी हासिल गर्न नितान्त आवश्यक हुन्छ । अतः यहाँ पठनबोधसम्बन्धी कार्यहरू आजसम्म के कति भएका छन्, ती कार्यहरू कुन-कुन पक्षसँग सम्बन्धित छन् भन्ने सम्बन्धमा जानकारीमा आएअनुसार अध्ययनमा केही महत्त्वपूर्ण पक्षलाई निम्न अनुसार प्रस्तुत गरिएको छ ।

वि.सं. २०३९ सालमा रेणुका शाक्य तथा शंकर कुमार राईद्वारा स्नातक उपाधिका लागि पठनबोध क्षमतासम्बन्धी छुट्टाछुट्टै अध्ययन भएका छन् । शाक्यद्वारा तयार पारिएको ‘पठनबोध एक अध्ययन (सामाजिक तथा विधा कक्षा आठ)’ शीर्षक अध्ययनको उद्देश्य बोध के हो र बोधको उत्तर कसरी दिनुपर्छ भन्ने कुरा प्रष्ट्याउनु रहेको थियो । अध्ययनले तत्कालीन शिक्षण सिकाइ प्रक्रियामा बोध प्रश्नोत्तर अभ्यास अति नै कम मात्रामा भएको र विद्यार्थीहरूमा पनि काम चलाउ मात्र क्षमता भएको जस्ता निष्कर्ष निकालेको थियो । साथै त्यसमा पठन विकासका लागि विविध विधा तथा विधिको प्रयोग गर्नुपर्ने सुझाव दिइएको थियो ।

राईद्वारा “दशौ श्रेणीमा अध्ययनरत विद्यार्थीहरूको नेपाली भाषा  मौनपठनबोध एक अध्ययन” शीर्षकमा गरिएको अध्ययनको उद्देश्य पठनबोधलाई केन्द्रविन्दु बनाई विद्यार्थीमा रहेको मौनपठनबोध, क्षमता पत्ता लगाउने र मौनपठनबोधमा भएका त्रुटि केलाई सुझाव पेश गर्नु रहेको थियो । उक्त अध्ययनमा उपयुक्त किसिमले पठनबोध क्षमताको विकास भएको भनी निष्कर्ष निकालिएको थियो । मौनपठनसम्बन्धी विभिन्न कुराका साथै मौनपठन सीप नभएको भनी कसरी पढ्ने, कसरी पढाउने, कसरी लेख्ने र कसरी पठनबोध अभ्यास गराउने भन्नेतिर बढी केन्द्रित भई सुझाव दिइएको थियो । यी दुई अध्ययनहरूलाई पठनबोधसम्बन्धी अध्ययनको प्रारम्भका रूपमा लिन सकिन्छ ।

विष्णुहरि घिमिरेद्वारा २०५६ सालमा हाम्रो नेपाली किताब कक्षा आठको बोधगम्यता अध्ययन शीर्षकमा अध्ययन गरिएको पाइन्छ । उक्त अध्ययन कक्षा आठका विद्यार्थीहरूका लागि हाम्रो नेपाली किताब बोधगम्य भए नभएको अध्ययन गर्ने उद्देश्य राखी गरेको पाइन्छ । यो अध्ययन पनि परोक्ष रूपमा भएपनि पठनबोध क्षमतासँग सम्बन्धित देखिन्छ । सो अध्ययनको पुस्तक कम बोधगम्य भएको निष्कर्ष हेर्दा भाषिक तथा क्षेत्रगत आधारमा कुनै समूहको लागि बोधगम्य हुनु र कुनै समूहका लागि बोधगम्य नहुनुको अर्थ हाम्रो नेपाली किताब कक्षा आठको बोधगम्यता अध्ययनमा नमुना छनोट गरिएका क्षेत्रका विद्यार्थीहरूको पठनबोध क्षमताको उपयुक्त विकास नभएको भन्न सकिन्छ ।

त्यसैगरी अंग्रेजी भाषासँग सम्बन्धित अर्को अध्ययन २०५७ सालमा हिरालाल सुवेदीद्वारा गरिएको "Reading comprehension fo the Grade Nine, Students of Kathmandu and Jhapa: A Compreative Study" शीर्षकमा झापा र काठमाडौं जिल्लाका कक्षा नौका विद्यार्थीहरूको पठनबोध क्षमताको तुलनात्मक अध्ययन थियो । उक्त अध्ययन काठमाडौंका १५० र झापाका १५० गरी जम्मा ३०० विद्यार्थीहरूको तुलनात्मक अध्ययन गरिएको थियो । उक्त अध्ययनमा दृष्टांश र अदृष्टांश गरी दुई पाठ्यसामग्रीबाट पठनबोध क्षमताको तुलना गरिएको थियो । उक्त अध्ययनबाट काठमाडौं र झापा दुवै जिल्लाका विद्यार्थीहरू पत्र-पत्रिकाभन्दा लेखरचना पठनबोध

क्षमतामा उच्च रहेको, झापाका ग्रामीण क्षेत्रका विद्यार्थीभन्दा काठमाडौं सहरी क्षेत्रका विद्यार्थीहरूको पत्र-पत्रिका लेख रचना पठनबोध क्षमता उच्च रहेको साथै पठनबोध शिक्षण तथा परीक्षणमा अदृष्टांश पाठ्यसामग्रीको रूपमा पत्र-पत्रिका र लेखरचना उपयोगी देखिने जस्ता निष्कर्ष निकालिएको थियो ।

गुरूप्रसाद गौतम उपाध्याय (२०६०) द्वारा कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन शीर्षकमा शोधकार्य पूरा गरिएको पाइन्छ । उक्त शोधकार्य कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको भाषिक पृष्ठभूमि, लैङ्गिकता, क्षत्रीयता र स्थानीयताका आधारमा उक्त कक्षाका विद्यार्थीहरूको पठनबोध क्षमताको पहिचान गर्नु जस्ता उद्देश्यहरूमा केन्द्रित रहेको पाइन्छ । उक्त अध्ययनमा नेपाली मातृभाषीभन्दा दोस्रोभाषी, तराईवासीभन्दा पहाडिया र सहरियाभन्दा ग्रामीण विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमता कमजोर रहेको देखिन्छ । यसका साथसाथै उक्त अध्ययनमा कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमता कमजोर रहेको निष्कर्ष निकालिएको थियो ।

कृष्णप्रसाद ज्ञवाली (२०६३) द्वारा कक्षा १० मा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन शीर्षकमा शोधकार्य पूरा भएको छ । भक्तपुर, ललितपुर, काभ्रेपलाञ्चोक जिल्लाका ६ विद्यालयमा अध्ययनरत २०८ विद्यार्थीमा गरिएको पाइन्छ । उक्त अध्ययन स्थानीय, जातीयता, भाषिक पृष्ठभूमि, विद्यालयको प्रकृति, लैङ्गिकताका आधारमा केन्द्रित रहेको छ । उक्त अध्ययनबाट दृष्टांश पठनबोध क्षमताभन्दा अदृश्टांश पठनबोध क्षमता कम रहेको, सहरका भन्दा गाउँका विद्यार्थीको पठनबोध क्षमता कम रहेको, निजी विद्यालयका भन्दा सरकारी विद्यालयका विद्यार्थीको पठनबोध क्षमता कम रहेको, मातृभाषी विद्यार्थीको भन्दा दोस्रोभाषी विद्यार्थीहरूको पठनबोध क्षमता उच्च रहेको पाइयो ।

## १.७ शोधविधि

कुनै पनि प्रस्तावित अनुसन्धान कार्यलाई व्यवस्थित तरिकाले अध्ययन विश्लेषण गर्नको लागि जुन प्रविधि, माप दण्ड वा सिद्धान्तलाई आधार मानिन्छ त्यसलाई शोधविधि भनिन्छ । यसले अध्ययनलाई योजनाबद्ध अगाडि बढाउन सहयोग पुऱ्याउनका साथै शोधकार्यलाई व्यवस्थित गर्दछ । शोधविधिका दुई स्रोत रहेको पाइन्छ ।

(१) **प्राथमिक स्रोतः**

प्रस्तुत अध्ययन "लमजुङ जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन" रहेको छ । पठनबोध क्षमताकको अध्ययनका लागि लमजुङ जिल्लाका सम्पूर्ण विद्यालयका सम्पूर्ण विद्यार्थीलाई समेट्न नसकिने भएकाले निजी तीन विद्यालयका ४५ विद्यार्थीहरू र सरकारी तीन विद्यालयका ४५ विद्यार्थी गरी जम्मा ९० जना विद्यार्थी नमुनाका रूपमा लिई अध्ययन गरिने छ ।

(२) **गौण स्रोतः**

शोधविधि अन्तर्गत गौण स्रोतका सामग्रीहरूममा यसभन्दा अगाडि भईसकेका पूर्वकार्यहरू, सन्दर्भ पुस्तकहरू, यसैसँग सम्बन्धित विभिन्न पत्रपत्रिका, प्रकाशित लेख रचनाहरू रहने छन् ।

यस शोधविधिअन्तर्गत तुलनात्मक विधि, तथ्याङ्क सङ्कलन विधिको प्रयोग गरिन्छ ।

## १.८ अध्ययनको औचित्य

हाम्रो देश नेपाल बहुभाषी देश हो । यहाँ विभिन्न किसिमका भाषाहरू बोलिन्छ । धेरै भाषा बोलिने भएपनि सम्पर्क भाषाका रूपमा नेपाली प्रयोग गर्ने गरिन्छ । नेपाली भाषालाई नेपालको संविधानले "देवनागरिक लिपिमा नेपाली भाषा नेपालको राष्ट्र भाषा हो । नेपाली भाषा सरकारी भाषा हुनेछ" भनी परिभाषित गरेको छ । यसरी नेपाली भाषा नेपालको राष्ट्रभाषा भएकाले प्राथमिक तहदेखि उच्चतहसम्म

अनिवार्य तथा ऐच्छिक विषयका रूपमा यसको पठनपाठन हुँदै आएको छ तर विद्यार्थीहरूमा अपेक्षा गरिएअनुरूप दैनिक व्यवहारमा पढाइ तथा पठनबोध क्षमताको अभावले बोध तथा अभिव्यक्तिमा कठिनाइ परिरहेको देखिन्छ । अतः विद्यालय स्तरमा नेपाली शिक्षण गर्दा विद्यार्थीहरूमा सम्बन्धित तहको पाठ्यक्रमले निर्धारण गरेको पढाई तथा पठनबोध सम्बन्धी उद्देश्य पूरा हुनु आवश्यक देखिन्छ ।

विद्यार्थीहरूमा पठनबोध क्षमतासम्बन्धी कमजोरी रहेको खण्डमा उनीहरूको अभिव्यक्ति क्षमतामा पनि त्यसको असर पर्ने हुन्छ । पठनबोधको क्षमतामा हुने कमजोरीले केवल भाषिक सीप विकासमा मात्र नभएर अन्य विषयको ज्ञानार्जनमा पनि प्रभाव पारेको हुन्छ । विद्यार्थीहरूमा पठनबोध क्षमतासम्बन्धी आवश्यक विकास नभएको खण्डमा सम्बन्धित तहका लागि निर्माण गरिएको पाठ्यक्रमका उद्देश्यहरू पनि पूरा हुन सक्दैनन् । पठनबोध क्षमताको अध्ययनले सम्बन्धित कक्षाका पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षण सामग्री आदिको स्थिति के कस्तो छ ? पाठ्यक्रमका उद्देश्यहरू के कति पूरा भए वा भएनन् उक्त क्षेत्रका कुन-कुन पक्षहरूमा के-कस्ता सुधार ल्याउनुपर्छ आदि जस्ता कुराहरूको जानकारी प्राप्त हुन सक्छ ।

पठनबोध क्षमताको अध्ययनबाट पाठ्यक्रम निर्माताहरूलाई पाठ्यक्रम सुधार एवं परिमार्जन गर्नमा, पाठ्यपुस्तक लेखनलाई उद्देश्यमूलक एवं प्रभावकारी विषयवस्तु चयन गर्नमा, शिक्षकलाई विद्यार्थीहरूको स्तरसापेक्ष स्तरीय शिक्षण गर्नमा, शिक्षण विधि प्रभावकारी बनाई अगाडि बढाउनमा मद्दत पुग्दछ । समग्रमा विद्यार्थीको बोध क्षमता लाई बुझेर शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारी, व्यवस्थित एवम् उद्देश्यपूर्ण बनाउनमा सहयोग पुग्ने हुँदा यस अध्ययनको महत्त्व बढ्न गएको छ ।

## १.९ अध्ययनको सीमाङ्कन

प्रस्तुत शोधकार्य अध्ययनकर्ताको स्नातकोत्तर तह आंशिक आवश्यकता पूर्ति गर्ने उद्देश्यका लागि भएको हुँदा समयको सीमितता, आर्थिक समस्या, सामग्री र स्रोतहरूको अभाव आदिका कारणले यस अध्ययनलाई निम्नानुसार सीमाङ्कन गरिएको छ ।

(क) प्रस्तुत अध्ययनमा लमजुङ जिल्लाका ३ निजी र ३ सरकारी विद्यालयमा अध्ययनरत विद्यार्थीहरूलाई मात्र समावेश गरिएको छ । प्रत्येक विद्यालयका १५/१५ जना गरी जम्मा ९० जना विद्यार्थीको अध्ययनमा सीमित गरिएको छ ।

(ख) उक्त जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमता परीक्षणबाट प्राप्त तथ्यहरूको विश्लेषणमा ।

(ग) कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको लिङ्गगत भाषागत, स्थानगत तथा क्षेत्रगत आधारमा समूहमा ।

**१.१० शोधपत्रको रूपरेखा**

यस शोध अध्ययनलाई निम्नानुसारका अध्यायमा विभाजन गरी पूर्णता दिइने छ ।

अध्याय एक : शोध परिचय

अध्याय दुई : शोधविधि

अध्याय तीन : सैद्धान्तिक आधार

अध्याय चार : व्याख्या तथा विश्लेषण

अध्याय पाँच : तुलनात्मक विश्लेषण

अध्याय छ : निष्कर्ष र सुझाव

सन्दर्भग्रन्थसूची

परिशिष्ट ।

अध्याय दुई

# अध्ययन विधि

कुनैपनि अनुसन्धान औपचारिक एवम् व्यवस्थित कार्य भएकोले यसमा सोही विषयसँग सम्बन्धित विधिको उपयोग गरिएको हुन्छ । प्रस्तुत अध्ययन कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययनमा केन्द्रित रहेको छ । यो अध्ययन विद्यार्थीहरूसँग सोझै सम्बन्धित भएकाले उनीहरूलाई नै केन्द्रविन्दु मानी मूलतः सर्वेक्षण विधिलाई आधार बनाई अगाडि बढाइएको छ । यस अध्ययनमा प्रयोग गरिएका विधि तथा प्रक्रियाको रूपरेखालाई क्रमशः जनसङ्ख्या, प्रतिनिधि नमुना, सामग्री निर्माण, सामग्रीको कार्यान्वयन, तथ्याङ्कको सङ्कलन र विश्लेषण गरी प्रस्तुत गरिएको छ ।

## २.१ जनसङ्ख्या

प्रस्तुत अध्ययन “लमजुङ जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूलाई जनसङ्ख्याका रूपमा छनौट गरिएको छ । विभिन्न कारणले गर्दा जिल्ला भरिका सम्पूर्ण विद्यालयलाई समेट्न नसकिने हुँदा सुन्दरबजार, भोटेबडार, वेसीसहर र कुन्छा गा.वि.स. का तीन निजी र तीन सरकारी विद्यालयलाई छनौट गरिएको छ ।

## २.२ प्रतिनिधि नमुना

प्रस्तुत अध्ययनलाई बढी विश्वसनिय र भरपर्दो बनाउनका निम्ति प्रतिनिधि नमुनाको छनौट उपयोगमा लिइएको छ । नमुना छनौटका क्रममा लमजुङ जिल्लाकै सुन्दरबजार गा.वि.स.को एक निजी विद्यालयबााट ५ छात्र र १० छात्रा गरी १५ जना र यसै गा.वि.स.को सरकारी विद्यालयबाट ९ छात्र र ६ छात्रा गरी १५ जना लिइएको छ । भोटेवडार गा.वि.स.को निजी विद्यालयबाट ६ छात्र र ९ छात्रा गरी १५ जना र यसै गा.वि.स. अन्तर्गत सरकारी विद्यालयबाट १० छात्र र ५ छात्रा गरी १५ जना लिइएको छ । वेसीसहर गा.वि.स.को एक निजी विद्यालय ८ छात्र र ७ छात्रा गरी १५ जना र कुन्छा गा.वि.स.को एक सरकारी विद्यालयबाट ७ छात्र र ८ छात्रा गरी १५

जना विद्यार्थीहरू नमुनाको रूपमा छनोट गरिएको छ । यसरी प्रस्तुत अध्ययनमा ६ वटा माध्यमिक विद्यालयका ९० विद्यार्थीहरूमध्ये ४५ जना छात्र र ४५ जना छात्रा रहेका छन् ।

### २.३ सामग्री निर्माण :

प्रस्तुत अध्ययनका लागि सामग्री निर्माण गर्ने क्रममा दृष्टांश र अदृष्टांश गरी दुई किसिमका गद्यांश छनोट गरिएको छ । दृष्टांश अन्तर्गत कक्षा आठको हाम्रो नेपाली किताबमा सङ्कलित 'अन्तरिक्षयान' (प्रवन्ध) नामक पाठबाट सङ्क्षिप्त उत्तरात्मक र बहुवैकल्पिक प्रश्नहरू निर्माण गरिएको छ । त्यसै गरी साहित्यिक मासिक पत्रिका गरिमा (२०६४) अदृष्टांश गद्यांशबाट पनि सङ्क्षिप्त उत्तरात्मक र बहुवैकल्पिक प्रश्नहरू निर्माण गरिएको छ । त्यस्तै कक्षा आठको हाम्रो नेपाली किताबमा सङ्कलित 'महाकवि कालिदास' नामक पाठबाट एक दृष्टांश र प्रवीणता प्रमाणपत्र तहको अनिवार्य नेपाली विषयको 'आइमाई साथी' नामक पाठबाट अदृष्टांश एक गरी जम्मा दुई गद्यांशबाट क्लोज परीक्षणका प्रश्नहरू तयार पारिएको छ ।

### २.४ सामग्रीको कार्यान्वयन

प्रस्तुत अध्ययनका लागि परीक्षणीय सामग्रीलाई अन्तिम रूप प्रदान गरिसकेपछि सम्बन्धित विद्यालयमा गई प्रधानाध्यापकसँग सम्पर्क गरी परीक्षणका लागि विद्यार्थीलाई उपलब्ध गराइदिनुहुन अनुरोध गरियो । त्यसपछि परीक्षणका क्रममा विद्यार्थीहरूलाई स्वतन्त्र रूपमा आफ्नो क्षमताको प्रस्तुतिको लागि सहज वातावरण बनाउन केहि समय परिचय तथा पढाइ सम्बन्धि कुराकानी गरिएको थियो । यस अध्ययन विशुद्ध रूपमा पठनबोध क्षमता अध्ययन भएकोले विद्यार्थीहरूलाई औपचारिक रूपमा उत्तीर्ण अनुतीर्णमा कुनै पनि विद्यालय तथा विद्यार्थीको उपलब्धि वा क्षमतालाई संस्थागत तथा व्यक्तिगत रूपमा  सार्वजनिक नगरिने जानकारी दिँदै विद्यार्थीहरूलाई परीक्षामा समावेश हुने सहज वातावरण तयार पारिएको थियो । परीक्षा सञ्चालनमा प्रधानाध्यापक तथा विद्यालय परिवारबाट सहयोग प्राप्त भएको थियो । परीक्षाको

समयावधि १ घन्टा तोकिएको थियो भने परीक्षार्थीलाई सहज र सुलभ होस् भन्ने उद्देश्यले प्रश्नपत्रमा नै उत्तर दिन मिल्ने गरी व्यवस्था मिलाइएको थियो । तोकिएको समयावधिपछि उत्तरपुस्तिका सङ्कलन गरिएको थियो ।

**२.५ तथ्याङ्कको सङ्कलन र विश्लेषण**

सामग्री निर्माण गरी परीक्षा सम्पन्नपछि विद्यार्थीहरूले दिएको उत्तरको परीक्षणबाट प्राप्त अङ्क नै यस अध्ययनको तथ्याङ्क हो । विद्यार्थीहरूबाट उत्तरपुस्तिका सङ्कलन गरी उत्तरकुञ्जिका तयार पारियो । उत्तरकुञ्जिकामा प्रत्येक सङ्क्षिप्त उत्तरको एक सही उत्तरका लागि ४ अङ्कका दरले १० प्रश्नको ४० अङ्क, बहुवैकल्पिक प्रश्नहरूको एक सही उत्तरका लागि २.५ का दरले ८ प्रश्नहरूको २० अङ्क र क्लोज परीक्षणका दृष्टांश र अदृष्टांश दुवै गद्यांशमा भर्नुपर्ने ४० शब्दहरूमध्ये १ सही शब्द भरेवापत १ अङ्कका दरले ४० अङ्क गरी जम्मा १०० पूर्णाङ्कमा उत्तर पुस्तिकाको जाँच गरियो ।

उत्तरपुस्तिका जाँचपश्चात्, दृश्टांश र अदृष्टांशसँग सम्बन्धित प्रश्नहरूको छुट्टाछुट्टै अङ्क गणना गरियो । सम्पूर्ण प्राप्ताङ्कलाई भाषिक पृष्ठभूमि, लिङ्गगत, विद्यालयको प्रकृति, स्थानीयता एवम् जातिगत समूहहरूमा वर्गीकरण गरी तालिकीकरणको माध्यमबाट छुट्टाछुट्टै रूपमा वर्गीकरण गरियो । तथ्यको विश्लेषणका क्रममा सम्पूर्ण विद्यार्थीहरूको मध्यमान निकालियो । त्यसै गरी मध्यमान र प्रतिशतका आधारमा समग्र विद्यार्थीहरूको पठनबोध क्षमताको व्याख्या विश्लेषण गरियो । समूहगत र समग्र आधारमा विद्यार्थीहरूको प्राप्ताङ्कमा के-कति भिन्नता छ भनेर जान्नका लागि मानक विचलन निकालियो ।

प्रस्तुत अध्ययनका क्रममा उपयोगमा ल्याइएका साङ्खिकीय सूत्रहरू निम्न प्रकार छन् :

(क) प्रतिशताङ्क (Percentile) गणना गर्न उपयोगमा ल्याइएको सूत्र

$$P = \frac{R}{T} \times 100$$

यहाँ,

P = प्रतिशत

R = तोकिएको श्रेणीमा प्राप्ताङ्क ल्याउन सफल विद्यार्थी सङ्ख्या

(ख) मध्यमान (Mean) गणना गर्न प्रयोगमा ल्याइएको सूत्र,

$$\bar{X} = \frac{\Sigma X}{N}$$

$\bar{X}$ = मध्यमान

$\Sigma X$ = X को कुल योग

N = जम्मा सङ्ख्या

(ग) मानक विचलन गणना गर्न प्रयोगमा ल्याइएको सूत्र

$$\sigma = \sqrt{\frac{\Sigma X^2 - [(\Sigma X)^2/n]}{n}}$$

यहाँ,

$\sigma$ = मानक विचलन

$\Sigma$ = सिग्मा (योगफल भन्ने अर्थ लाग्दछ)

$\Sigma X$ = प्राप्ताङ्कको कुल योग

$N$ = परीक्षार्थीको सङ्ख्या

$(\Sigma X)^2$ = प्राप्ताङ्कको कुल योगको वर्ग

(घ) 'z' मान गणना गर्न प्रयोगमा ल्याइएको सूत्र

$$Z \text{ observed} = \frac{\overline{X}_1 - \overline{X}_2}{\sqrt{\frac{\sigma_1^{\,2}}{n_1} + \frac{\sigma_2^{\,2}}{n^2}}}$$

यहाँ,

$z$ = $Z$ मान

$\overline{X}_1$ = पहिलो समूहको मध्यमान

$\overline{X}_2$ = दोस्रो समूहको मध्यमान

$s_1^{\,2}$ = पहिलो समूहको मानक विचलन

$s_2^{\,2}$ = दोस्रो समूहको मानक विचलन

$n_1$ = पहिलो समूहको सङ्ख्या

$n_2$ = दोस्रो समूहको सङ्ख्या

## अध्याय तीन

# सैद्धान्तिक परिचय

प्रस्तुत शोधपत्रको शीर्षक 'लमजुङ जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन' रहेको छ । यस शोधकार्यको अध्याय तीनमा बोधको सैद्धान्तिक परिचयअन्तर्गत शोधको परिचय, बोधका प्रकारमा श्रुतिबोध, पठनबोध, पठनबोध महत्त्व, पठनबोधका चरणहरूमा पहिचान, सङ्गठन, अर्थानुसन्धान र पठनबोधमा प्रभाव पार्ने तत्वहरूमा सामग्रीको छनोट, विद्यार्थीहरूको शारीरिक, मानसिक एवम् संवेगात्मक अवस्था, वातावरण र अभ्यासजस्ता विषयवस्तुको उल्लेख गरिएको छ ।

### ३.१ बोधको परिचय

'बोध' शब्द 'बुध्' धातुमा 'ञ' प्रत्यय लागेर बनेको हो जसको अर्थ हुन्छ 'बुझ्नु' । कुनै पनि लिखित वा मौखिक अभिव्यक्तिलाई पढेर वा सुनेर मूल आशय पहिल्याउनु बोधको कार्य हो । बोध भाषाको आदानात्मक सीपअन्तर्गत पर्दछ । कुनै पनि कुरा व्यक्त गर्नुभन्दा पहिले सो कुरा बुझ्नु पर्ने भएकाले बोधलाई अभिव्यक्तिको पूर्वसर्तका रूपमा लिनुपर्ने हुन्छ किनभने व्यक्तिमा अभिव्यक्ति क्षमताको विकास सुरु हुनुभन्दा पहिले बोध क्षमताको विकास हुन थालिसकेको हुन्छ । तसर्थ बोध बुझ्ने, सोच्ने र स्मरण कार्य हो । बोधले भाषिक क्षमताको अभिवृद्धिका निम्ति गरिने अभ्यासमा जोड दिन्छ । जसलाई निम्नलिखित परिभाषामा समेट्ने प्रयास गरिएको छ ।

भाषिक सन्दर्भमा बोधको अर्थ सामान्यतः सुनेका र पढेका सामग्रीहरूको अर्थ बुझाइ भए पनि व्यापक रूपमा कुनै मौखिक, लिखित वा अमूर्त सन्देशको अभिप्राय बुझ्नु बोध हो । (शर्मा, पौडेल, २०६० : १०७)

बोधको मुख्य तात्पर्य वक्ताले लेख्य वा कथ्य रूपमा प्रकट गरेका अभिव्यक्ति ग्रहण गर्नसँग सम्बद्ध छ । त्यसैले यसलाई ग्रहण शक्ति वा क्षमता पनि भनिन्छ ( पराजुली, २०४९ : ११)

सामान्य अर्थमा बोध भन्नाले भाषा शिक्षण सिकाइका सन्दर्भमा भाषिक अभिव्यक्तिको बुझाइ हो भन्न सकिन्छ । बोधका लागि पूर्वानुभव र लिपिवद्धतासँगको मात्र सम्बन्धित नभई अभिव्यक्त विचारसँगको पूर्वानुभवसमेत वोद्धामा केही न केही रूपमा हुनु आवश्यक मानिन्छ । यसरी बोध शब्दलाई बुझ्ने क्षमता, समक्ष, जानकारी, ज्ञान, अनुभव, सम्झना, सोच, अनुभूति समझ शक्ति, भाषिक क्षमताको विकास, सचेत तथा पूर्णरूपले बुझ्ने क्षमता, दिमागी कार्य, ग्रहण शक्ति आदिका रूपमा लिइएको पाइन्छ । यस अध्ययनमा बोध शब्द पठनबोधसँग सम्बन्धित रहेकाले लिपिबद्धरूपमा उतारिएको भाषिका सामग्रीलाई गम्भिर रूपममा अध्ययन गरी त्यसको मूलमर्म, भाव ग्रहण गर्न सक्ने खुबी वा क्षमतालाई बोध भनिन्छ ।

## ३.२. **बोधका प्रकारः**

### ३.२.१ **श्रुतिबोध**

श्रुतिबोध श्रवणकलासँग सम्बन्धित पक्ष हो । श्रुतिबोधले श्रवणकला विकासमा महत्त्वपूर्ण भूमिका खेल्दछ । यसले वक्ताको मौखिक अभिव्यक्तिलाई श्रोताले सुनेर बुझ्ने प्रक्रियासँग सम्बन्ध राख्दछ । भाषाका दुई पक्ष हुन्छ ति हुनः बोध र अभिव्यक्ति । यसमध्ये श्रुतिबोध ग्रहण पक्षसँग सम्बन्धित मानिन्छ । श्रुतिबोधलाई अभिव्यक्तिको पूर्व सर्तका रूपमा लिइन्छ । बोधविहीन सुनाइ प्रायः निरर्थक सावित हुन्छ (अधिकारी, २०५७ : २६) । बोधविनाको श्रुतिलाई वास्तविक सुनाइ भन्न मिल्दैन । श्रुतिबोध मौखिक भाषाको बोध भएकाले यसमा आवश्यकता अनुसार वक्ताले हाउभाउ, अङ्ग सञ्चालन, लय, आघात जस्ता भाषिकेत्तर तत्वलाई मूल भाषिक अभिव्यक्तिसँग मिलाएर बुझ्ने कोसिस गर्नुपर्छ । श्रुतिबोध विनाको अभिव्यक्तिमा अर्थको अनर्थ लाग्न सक्छ । जुनकुरालाई राम्रोसँग सुनिदैन, बुझिदैन त्यसलाई राम्ररी व्यक्त गर्न पनि सकिदैन जुन कुरा राम्ररी सुनिन्छ, बुझिन्छ, त्यसलाई राम्ररी व्यक्त गर्न पनि सकिन्छ । श्रुतिबोधमा देखा पर्ने कमजोरीले गर्दा व्यक्तिको सोचाइ बोलाइ अझ काम गराइमा समेत गलत असर पर्न जाने हुन्छ । यसको विकासले बोलाइ, सोचाइ मात्र नभएर

पढाइ लेखाइजस्ता सीपका कतिपय कमी कमजोरी र ती सीपहरूको विकासमा निकै सहयोग पुग्दछ ।

विशेष गरी प्रारम्भिक कक्षाहरूमा विद्यार्थीहरूको ज्ञान आर्जन गर्ने एकमात्र महत्त्वपूर्ण माध्यम श्रुतिबोध नै हो भने माथिल्ला कक्षाहरूमा पठनबोधको माध्यमबाट पनि ज्ञान आर्जन गर्न सकिने हुँदा यसप्रतिको निर्भरता घट्दै जान्छ तर पनि श्रुतिबोधको महत्त्व र आवश्यकता भने कुनै न कुनै रूपमा रहिरहन्छ । माथिल्ला कक्षाहरूमा कथ्य भाषाको श्रुतिबोध क्षमताको विकास गर्नु मात्र पर्याप्त हुँदैन लेख्य भाषाको श्रुतिबोध क्षमताको समेत विकास गर्नु आवश्यक हुन्छ अर्थात् लिखित सामग्रीको सस्वरवाचन सुनेर बुझ्न सक्ने क्षमताको खाँचो पर्दछ । 'श्रुतिबोध ग्रहणात्मक सीपको पहिलो खुड्किलो हो ।' (अधिकारी, शर्मा, २०६१ : ४४) विद्यार्थीहरू जति बढी मात्रामा सुन्ने र सुनाउने अवसर पाउँछन् त्यति नै उनीहरूमा श्रुतिबोध क्षमताको विकास हुन सक्छ । श्रुतिबोध क्षमता निकै कमजोर रहेका विद्यार्थीहरूका लागि ज्ञानआर्जनको महत्त्वपूर्ण ढोका नै बन्द हुन सक्छ ।

श्रुतिबोध क्षमताको विकासका लागि विद्यार्थीहरूको रुचि, क्षमता, एवम् स्तरका आधारमा विभिन्न किसिमका कथा, कथांश, चुट्किला, रोचक प्रसङ्गहरू तथा अन्य अंशहरूको सङ्कलन गरी उपयोग गर्न सकिन्छ । अन्त्यमा के भन्न सकिन्छ भने श्रुतिबोध भाषाशिक्षणको आधारशीला हो । विद्यार्थीहरूको वैयक्तिक र सामाजिक विकासको दृष्टिकोणले श्रुतिबोध निकै महत्त्वपूर्ण पक्ष हो । श्रुतिबोध सम्बन्धी कमजोरीले विद्यार्थीहरूको बोलाइ, पढाइ र भाषा विकासको समग्र कार्यक्रममा समेत असर पर्न सक्छ । अतः श्रुतिबोधलाई भाषाविकास एवम् ज्ञान विकासको अपरिहार्य अङ्गका रूपमा स्थान दिनुपर्छ ।

### ३.२.२ पठनबोध

लिपिबद्ध भाषामा उतारिएका ज्ञान एवम् सूचनालाई पाठकद्वारा पढेर बुझ्नु नै पठनबोध हो । लिपिबद्ध दृश्यात्मक भाषामा उतारिएका ज्ञान एवम् सूचनालाई

मस्तिष्कले सङ्गठित गरेर अर्थबोध गर्नुलाई नै पठनबोध भनिन्छ । पठनबोध प्रकृयामा आँखा, दृश्यात्मक प्रतीक (अक्षर, शब्द, पदावली, वाक्य आदि) र अर्थानुसन्धान यी तीन कुराको संलग्नता हुने हुँदा पठनबोधलाई एक जटिल एवम् चुनौतिपूर्ण मानसिक कार्य भन्न सकिन्छ । पठनबोध गर्ने क्रममा पाठकले अक्षर, शब्द, पदावली र वाक्यको पहिचान, आफ्ना अनुभवको आधारमा तिनको सङ्गठन र आफ्नो बोधक्षमताको आधारमा तिनको अर्थ लगाउने कार्य गर्दछ । लिखित सामग्रीमा लेखकले अभिव्यक्त गरेका अर्थ वा विभिन्न तत्वहरूलाई पाठकले एक साथ आफ्नो मस्तिष्कमा धारण गर्दछ ।

पठनबोध कुनै भाषिक व्यवस्थाअन्तर्गत अभिव्यक्त विचारलाई ग्रहण गर्ने महत्त्वपूर्ण सीप हो । बोधविनाको पढाइको प्रयोजन शून्य हुन्छ । पठनबोधमा भाषिक व्यवस्था अनुसार शब्दहरूको अर्थ निर्धारण गर्ने र उक्त अर्थलाई त्यस भाषाको व्यापक ढाँचालाई सम्बद्ध गराइ लेखकका मनमा भएका सम्बन्धित विचारहरूको श्रृङ्खलामा उन्ने कार्य हुन्छ । पठनबोध प्रकृयामा सर्वप्रथम आँखा र मस्तिष्कका सहायताले कुनै पनि वस्तुको ग्रहण गर्ने काम हुन्छ त्यसपछि मस्तिष्कका त्यसको अर्थ निर्माण भई प्रतीकबोध बोध हुन्छ ।

लिपिचिन्हद्वारा उतारिएका सामग्रीहरूलाई पढेर बुझ्नु पठनबोध भएकाले उक्त कार्यका लागि समुचित मात्रामा उपयोगी वनाउन यसलाई विद्यार्थीहरूले सीप अझ कलाको रूपमा हासिल गर्नुपर्ने हुन्छ । विद्यार्थीहरूमा जति बढी मात्रामा पठनबोध क्षमताको विकास हुँदै जान्छ त्यति नै भाषिक सीपमा प्रभाव पार्न सक्छ । पठनबोध क्षमताको विकासका लागि केवल कक्षामा गराइने कार्यकलापहरू मात्र पर्याप्त हुँदैनन् । यसका लागि विद्यालयीय वातावरणको, पुस्तकालय, वाचनालय आदिको प्रशस्त महत्त्व रहन्छ । यसका साथै पठनबोध क्षमता अभिवृद्धिका लागि विद्यार्थीको अभिरुचि तथा क्षमताअनुरूपका पाठ्यसामग्रीको उत्पादन र पढ्ने वातावरणको आवश्यक हुन्छ । अतः पठनबोध क्षमताको विकासका लागि विद्यालयका अवसरहरूका साथै विद्यालय वाहिरका विभिन्न अवसरहरू उपलब्ध गराउनु आवश्यक देखिन्छ ।

### ३.३ पठनबोधको महत्त्व

लिपिवद्ध भाषामा संचित गरेको ज्ञानभण्डार ग्रहण गर्ने महत्त्वपूर्ण उपाय पठनबोध हो । पठनबोध लिखित अभिव्यक्तिलाई पढेर त्यसको मूलमर्म बुझ्नसँग सम्बन्धित हुन्छ । बोधविनाको पढाइ अर्थहीन हुन जान्छ अर्थात् पढाइमा बोध नभएमा त्यस्तो पढाइ समय खेर फाल्नु बाहेक केही हुँदैन । ज्ञान आर्जन गर्ने सबैभन्दा महत्त्वपूर्ण पक्ष पठनबोध हो । आज हाम्रा सामु ज्ञान विज्ञानका क्षेत्रमा भएका नयाँ नयाँ विचार तथा दृष्टिकोण लिपिबद्ध रूपमा आइरहेका हुन्छन् । यस्ता सामग्रीहरूलाई पढेर बुझ्नको लागि पनि पठनबोध क्षमताको आवश्यकता पर्दछ । जबसम्म विद्यार्थीहरूमा लिखित सामग्रीलाई पढेर बुझ्न सक्ने क्षमताको विकास हुन सक्दैन तवसम्म साहित्य, कला, संस्कृति, राजनीति, अर्थनीति तथा ज्ञानविज्ञानका क्षेत्रमा भएका नयाँ नयाँ आविस्कारहरू कुहिराको काग सरी बन्न सक्छ । यसकारण विद्यार्थीहरूमा पठनबोध क्षमताको महत्त्व अझ बढी मात्रामा रहेको देखिन्छ ।

प्रारम्भिक तहहरूमा पठनबोध क्षमताको राम्रो विकास नहुञ्जेलसम्म सुनाइलाई नै ज्ञानआर्जनको उपाय वनाउनु आवश्यक भएपनि माथिल्ला तहका विद्यार्थीहरूमा उच्चस्तरीय बौद्धिक क्षमता विकासको लागि पठनबोध क्षमता उपयुक्त मानिन्छ । पठनबोध क्षमतालाई ज्ञानआर्जनको रूपमा मात्र नलिई मनोरञ्जनको महत्त्वपूर्ण रूपमा पनि लिन सकिन्छ । जब विद्यार्थीहरूमा पठनबोध क्षमताको विकास हुन्छ तब विद्यार्थीले विभिन्न साहित्यिक विधा जस्तै कथा, कविता, उपन्यास, नाटक, निबन्ध पढेर साहित्यिक आस्वादन लिनुका साथै मानसिक विकास पनि गर्दछ । पठनबोध क्षमताको विकासले विद्यार्थीहरूमा ज्ञान आर्जन हुनुका साथै पढाइप्रति रुचि र फूर्सदको समयलाई उपयोग गर्ने बानीको पनि विकास हुन्छ ।

पठनबोध क्षमताको विकासले पठनबोध क्षमताको विकास मात्र नभई अन्य विविध सीप तथा क्षमताको विकासमा समेत महत्त्वपूर्ण भूमिका खेल्दछ । जब विद्यार्थीहरूमा पठनबोध क्षमताको विकास हुँदैजान्छ तव ऊ लेख्य विधाका विभिन्न ढंग

ढाँचा तथा शैलीसँग परिचित हुन पुग्दछ । पठनबोध क्षमताको विकासले शब्दभण्डारको पनि विकास हुन्छ । यसबाट विद्यार्थीहरू नयाँ नयाँ शब्दको निर्माण गर्नुका साथै प्रसङ्गअनुकूल शब्द प्रयोग गर्न सिक्दछन् । यसका साथै पठनबोध क्षमताको विकासले व्याकरणात्मक तथा शब्दप्रयोगगत क्षमतामा पनि विकास गर्दछ । पठनबोध क्षमताको विकासले भाषाका अन्य सीप सुनाइ, बोलाइ, लेखाइ विभिन्न किसिमका शब्दहरूको प्रयोगको औचित्य, अनौचित्य ठम्याउने क्षमताको पनि विकास गर्दछ । अतः पठनबोध क्षमताले विद्यार्थीहरूको शैक्षिक विकास मात्र नभएर सर्वाङ्गीण विकास गर्ने भएकोले पठनबोध क्षमताको महत्त्व रहेको छ ।

### ३.४ पठनबोधका चरणहरू

पठनबोध क्षमताको प्रारम्भिक चरणमाभन्दा उत्तरवर्ती चरणमा अभ्यास एवम् अनुभवका कारण पाठकको पठनबोध क्षमतामा बढी परिपक्वता देखापर्दछ । प्रारम्भिक चरणमा शिक्षार्थीहरू सस्वरपठनद्वारा पठनबोध क्षमताको विकास तर्फ उन्मुख हुन्छन् भने उत्तरवर्ती चरणमा मौनपठनद्वारा पठनबोध क्षमताको विकास हुन्छ । पढाइको पहिलो एकाइका रूपमा अक्षर, शब्द र पदावलीलाई लिइन्छ । यसका क्रममा सुरुको पढाइको गति र यति दुवै न्यून हुने र क्रमशः वाक्य स्तरमा पुग्दा वृद्धि हुने गर्दछ ।

पढाइको सुरुवातको अवस्थामा रहेका विद्यार्थीहरूको तुलनामा उत्तरवर्ती चरणमा प्रवेश गरेका विद्यार्थीको पठनबोध क्षमता निकै उच्च रहन्छ । सुरुमा विद्यार्थीले पढाइको एकाइ अक्षरलाई बनाउँछन् भने अभ्यस्त हुँदै गएपछि शब्दलाई पनि पढाइको एकाइ बनाउने गर्दछन् । विद्यार्थीहरू क्रमशः अक्षर, शब्द हुँदै पदावली र वाक्यसम्मका पढाइमा विस्तार हुँदै पठनबोध क्षमताको विकास हुँदै जान्छ । पठनबोधका चरणलाई निम्नलिखित रूपमा उल्लेख गर्न सकिन्छ ।

**(क) पहिचानः**

पठनबोधको प्रथम चरणका रूपमा पहिचानलाई लिन सकिन्छ । यस चरणमा विद्यार्थीहरूले शब्दलाई पनि अक्षर अक्षरमा छुट्याएर पढ्ने गर्दछन् । विद्यार्थीहरू

शब्दलाई विस्तारै-विस्तारै दोहोऱ्याई पढ्ने गर्दछन् उनीहरू कतिपय ठाउँमा वर्णविन्याससँग अपरिचित हुने हुनाले पढ्नका क्रममा वीचवीचमा अडिने गर्दछन् । शिक्षार्थीहरूको पठनबोधका दृष्टिले पहिचान प्रारम्भिक चरणअन्तर्गत राख्न सकिन्छ ।

**(ख) सङ्गठन :**

पठनबोध क्षमताको विकासका दृष्टिले पहिचान भन्दा विकसित चरणका रूपमा यस चरणलाई लिन सकिन्छ । यस चरणमा आइपुग्दा विद्यार्थीहरू अक्षर र शब्दको पहिचान मात्र नभएर वाक्यमा प्रयुक्त शब्दहरूको अन्तरसम्बन्ध पनि बुझ्न थाल्छन् । यस चरणमा शिक्षार्थीहरूले एकअर्का शब्द, पदावली एवम् वाक्यको परस्पर आवद्धतालाई पहिल्याउदै पढ्न थाल्छन् । उनीहरू पढ्दा आवश्यक हुने गति, यति नियमलाई खोजी गरी सोही अनुसार पढ्न सक्छन् । वाक्यमा पदक्रम मिलेका रहेनछ भने त्यसलाई पनि सच्याएर पढ्ने प्रयास गर्न थाल्छन् । पठनबोधका दृष्टिले यस चरणलाई मध्यम चरणमा राख्न सकिन्छ ।

**(ग) अर्थानुसन्धानः**

अर्थानुसन्धान पठनबोध क्षमता विकासको अन्तिम चरण हो । विद्यार्थीहरूमा पहिचान र सङ्गठन गर्ने क्षमताको विकासबाट नै अर्थानुसन्धान गर्ने क्षमता प्राप्त हुन्छ । बढी अभ्यास र अनुभवद्वारा खारिएका पाठक नै यस चरणमा हुने भएकाले जटिल एवम् बौद्धिक किसिमको भाषिक सामग्रीलाई पनि गति, यति, लय मिलाएर सस्वर वा मौनवाचन गरी विषयवस्तुको मूलमर्म वा विचारलाई बुझ्न सक्षम हुन्छन् । यसकारण पठनबोध क्षमताको दृष्टिले यस चरणलाई उच्च वर्णअन्तर्गत राख्न सकिन्छ ।

**३.५ पठनबोधमा प्रभाव पार्ने तत्वहरू :**

पठनबोध भाषिक सीपअन्तर्गत पर्ने एक महत्त्वपूर्ण पक्ष हो । कक्षाका सम्पूर्ण विद्यार्थी वा कुनै खास तहका विद्यार्थीहरूमा समान रूपमा पठनबोध क्षमताको विकास भएको हुँदैन । यसरी पठनबोध क्षमता समान नहुनुका विभिन्न कारणहरू हुन्छन् यस्ता

कारणहरूलाई पठनबोधका प्रभावका रूपमा उल्लेख गर्न सकिन्छ । तिनीहरूलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

**(क) सामग्रीको छनोटः**

पठनबोध क्षमताको विकासमा प्रभाव पार्ने प्रमुख तत्वका रूपमा पाठ्यसामग्रीको छनोटलाई लिन सकिन्छ । पाठ्य सामग्रीबाट पठनबोध क्षमता जाँचको लागि दृष्टांश र अदृष्टांश पाठ्यसामग्रीको छनोट गर्न गरिन्छ । पाठ्यसामग्रीको छनोट गर्दा विद्यार्थीहरूको रुचि, चाहना, आवश्यकता क्षमता एवम् स्तरअनुकूल हुनुपर्दछ । अन्यथा विद्यार्थीहरूको पठनबोध क्षमताको उचित विकास हुन सक्दैन । दृष्टांश सामग्रीहरूको छनोट गर्दा सम्बन्धित तह वा कक्षाका पाठ्यक्रमबाट अथवा यसभन्दा अघि अध्ययन भइसकेका पाठ्यपुस्तकबाट तयार गरिन्छ भने अदृष्टांश पाठ्यसामग्रीको छनोट गर्दा सम्बन्धित पाठ्यपुस्तक बाहेकका दैनिक पत्रपत्रिका, लेख, निबन्ध विज्ञापन, चिठीपत्र, समाचारपत्र जस्ता पुस्तकहरूबाट छनोट गरिन्छ । सामग्रीको छनोटमा पद्यभन्दा गद्य, भावुकभन्दा वौद्धिक, संज्ञानात्मकभन्दा तथ्यपरक प्रकृतिका सामग्रीको छनोट गर्नु उपयुक्त हुन्छ । उपर्युक्त कुराहरूलाई ध्यान नपुऱ्याई सामग्री छनोट गरिएको खण्डमा विद्यार्थीहरूको वास्तविक पठनबोध क्षमताको मापन नहुने हुँदा पाठ्यसामग्रीको छनोट पनि यस किसिमको अध्ययनमा प्रभाव पार्ने एक महत्त्वपूर्ण तत्त्व हो ।

**(ख) विद्यार्थीहरूको शारीरिक, मानसिक एवम् संवेगात्मक अवस्था**

विद्यार्थीहरूको शारीरिक, मानसिक, संवेगात्मक अवस्थाले पनि पठनबोध क्षमताको विकासमा प्रभाव पार्दछ । कुनै पनि पाठ्यसामग्रीलाई पढेर त्यसभित्रको मूल कुरा ग्रहण गर्न शारीरिक, मानसिक एवम् संवेगात्मक रूपमा स्वास्थ्य विद्यार्थीले जति बढी मात्रामा सक्छ त्यति अन्धा, अपाङ्ग बहिरा एवम् मानसिक सन्तुलन ठीक नभएका विद्यार्थीहरूले नसक्न सक्छन् । कुनै विद्यार्थी शारीरिक रूपमा कमजोरी छ भने उसमा जीवनदेखि नै वितृष्णा पैदा भई पढाइप्रति मन लगाउदैनन् र पढी हाले पनि पढेका कुरा सम्झन सक्दैनन् । त्यसैगरी विद्यार्थीहरूको संवेगात्मक विचलन डर, त्रास, क्रोध चिन्ता, आवेग, रिस आदि तत्वहरू विद्यार्थीहरूको मनमा भएका पनि पढेका कुरा

सम्झन सक्दैनन् । यसरी पठनबोध क्षमतामा विद्यार्थीहरूको शारीरिक, मानसिक एवम् संवेगात्मक अवस्थाले प्रभाव पार्ने भएकाले पठनबोध क्षमताको प्रभावक तत्वका रूपमा लिन सकिन्छ ।

**(ग) वातावरणः**

पठनबोध क्षमताको विकासमा प्रभाव पार्ने प्रमुख तत्वका रूपमा वातावरणलाई लिन सकिन्छ । विद्यार्थीहरूले शान्त, खुल्ला एवम् स्वच्छ वातावरणमा रहेर जति बढी मात्रामा पढेका कुरा सम्झन सक्छ त्यति कोलाहपूर्ण, तनावपूर्ण एवम् सङ्कुचित वातावरणमा सक्दैन । पठनबोध क्षमताको विकासको महत्त्वपूर्ण तरिका मौनपठन भएकाले पनि शान्त वातावरणको आवश्यकता पर्दछ । बोधविहिन पढाइ अर्थहीन हुने अनुकूल वातावरण विना पठनबोध असम्भव हुने, पठन बोधविना राष्ट्रको लगानी औचित्यपूर्ण नहुने भएकाले स्वच्छ, शान्त वातावरणको आवश्यकता देखिन्छ । अतः पठनबोध क्षमता विकासमा वातावरणले प्रभाव पार्ने भएकाले प्रभावशाली प्रभावकका रूपमा लिन सकिन्छ ।

**(घ) अभ्यास**

पठनबोध क्षमता विकासमा प्रभाव पार्ने प्रमुख तत्त्व अभ्यास हो । पठनबोध एक किसिमको सीप हो । सीपलाई जति बढी अभ्यास गर्‍यो, त्यति नै परिमार्जन र परिष्कार हुँदै जान्छ । अभ्यासलाई जति कम पार्दै गयो त्यति नै पठनबोध क्षमतामा पनि कमजोरपन देखा पर्दछ । पठनबोध क्षमता विकासमा  पढाइलाई जति बढी अभ्यासलाई उपयोग ल्याउन सक्यो त्यति नै प्रवल भएर जान्छ भने पढाइलाई जति खुकुलो पार्दै गयो त्यति नै सीमित हुँदै जान्छ । विद्यार्थीहरूलाई जति बढी मात्रामा पाठ्यपुस्तक, साहित्य, पत्रपत्रिका, लेखरचना जस्ता सन्दर्भ सामग्रीहरूमा निरन्तर अभ्यास गराउँदै लैजान सक्यो त्यति नै बढी मात्रामा उनीहरूमा पढाइप्रति अभिरुचि बढ्दै जान्छ । अतः पठनबोध क्षमताको विकासमा विद्यार्थीहरूलाई पढाइमा अभ्यास गर्ने बानीको विकास गर्नु आवश्यक देखिन्छ ।

## अध्याय चार

# व्याख्या तथा विश्लेषण

यस शोधकार्यअन्तर्गत प्रस्तुत अध्यायमा समग्र विद्यार्थीहरूको पठनबोध क्षमताको व्याख्या तथा विश्लेषण गर्ने क्रममा क्रमशः प्रतिशत, मध्यमान र मानक विचलनका आधारमा समग्र विद्यार्थीहरूको पठनबोध क्षमताको स्थिति, प्रतिशत, मध्यमान र मानक विचलनका आधारमा समग्र विद्यार्थीहरूको दृष्टांश र अदृष्टांश पठनबोध क्षमताको स्थिति, समग्र मध्यमान र मानक विचलनका आधारमा विद्यार्थीहरूको समूहगत, समूहगत दृष्टांश, समूहगत अदृष्टांश पठनबोध क्षमताको स्थितिका आधारमा व्याख्या तथा विश्लेषाण गरिएको छ ।

प्रस्तुत अध्ययनबाट कक्षा ८ मा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमता पहिल्याउने उद्देश्यले राखिएको छ । उक्त उद्देश्य पूर्तिका लागि अध्याय दुईमा वर्णन गरिएको अध्ययन विधिको आधारमा लमजुङ जिल्लाका विभिन्न ठाउँका ३ निजी र ३ सरकारी विद्यालयका जम्मा ९० जना विद्यार्थीहरूबाट आवश्यक तथ्य सङ्कलन गरिएको छ ।

प्रस्तुत अध्ययनको व्याख्या एवम् विश्लेषणलाई बढी वैज्ञानिक एवम् वस्तुगत रूप प्रदान गर्न उक्त तथ्याङ्कलाई प्रतिशत गणना, मध्यमान, मानक विचलन र विभिन्न चलहरूका वीच तुलनात्मक विश्लेषण गर्नका लागि 'z' परीक्षण लगायतका साङ्खिकीय विधिहरूको समेत उपयोग गरिएको छ । प्रस्तुत शोधकार्यमा तथ्याङ्क विश्लेषणका लागि विभिन्न विधि तथा प्रविधिहरूको विस्तृत विवरण निम्नअनुसार उल्लेख गरिएको छ ।

### ४.१ समग्र विद्यार्थीहरूको पठनबोध क्षमताको स्थिति

#### ४.१.१ प्रतिशतको आधारमा समग्र विद्यार्थीहरूको पठनबोध क्षमताको स्थितिः

| कुल सङ्ख्या | ५० प्रतिशत भन्दा कम | | ६० प्रतिशत भन्दा कम | | ७० प्रतिशत भन्दा कम | | ८० प्रतिशत भन्दा कम | | ८० प्रतिशत भन्दा बढी | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ९० | ११ | १२.२२ | १४ | १५.५६ | १७ | १८.८९ | १२ | १३.३३ | ३६ | ४० |

उपर्युक्त तालिकाअनुसार, समग्र पठनबोध क्षमताको प्रतिशत गणना गर्दा नमुना छनोट गरिएका कुल सङ्ख्या ९० मध्ये ५० प्रतिशतभन्दा कम पठनबोध क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या १२.२२ प्रतिशत देखिन्छ । ५० प्रतिशतभन्दा माथि र ६० प्रतिशतभन्दा तल पठनबोध क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या १५.५६ प्रतिशत देखिन्छ । ६० प्रतिशतभन्दा बढी र ७० प्रतिशतभन्दा कम पठनबोध क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या १८.८९ प्रतिशत देखिन्छ । ७० प्रतिशतभन्दा माथि र ८० प्रतिशतभन्दा तल पठनबोध क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या १३.३३ प्रतिशत देखिन्छ । ८० प्रतिशत भन्दा बढी पठनबोध क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या ४० प्रतिशत देखिन्छ । तालिकामा ६० प्रतिशतभन्दा तल पठनबोध क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या २५, प्रतिशत २७.७८ रहेको र ६० प्रतिशतभन्दा माथि पठनबोध क्षमता भएका विद्यार्थीको सङ्ख्या ६५ र ७२.२२ प्रतिशत देखिनुले समग्र विद्यार्थीहरूको पठनबोध क्षमता उच्च रहेको मान्न सकिन्छ ।

#### ४.१.२ मध्यमान र मानक विचलनका आधारमा विद्यार्थीहरूको पठनबोध क्षमताको स्थितिः

| कुल सङ्ख्या | समग्र मध्यमान | मानक विचलन | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ९० | ७१.१४ | १५.०२ | ४६ | ५१.११ | ४४ | ४८.८८ |

माथिको तालिकाअनुसार प्रतिनिधि नमुना छनोटमा समेटिएका ९० विद्यार्थीहरूको समग्र मध्यमान ७१.१४ छ भने मानक विचलन १५.०२ रहेको देखिन्छ । समग्र मध्यमानलाई आधार मानि हेर्दा मध्यमानभन्दा तल ४८.८८ प्रतिशत र मध्यमानभन्दा माथि ५१.११ प्रतिशत रहेको देखिन्छ । माथिको तथ्याङ्कअनुसार मध्यमानभन्दा तल र माथिको अन्तर प्रतिशत केवल २.२३ रहेको पाइन्छ । यसरी मध्यमानभन्दा तल र मध्यमानभन्दा माथिका प्रतिशत हेर्दा खास अन्तर नभएकोले विद्यार्थीहरूको पठनबोध क्षमता सामान्य रहेको देखिन्छ । मानक विचलन १५.०२ लाई आधार मान्दा विद्यार्थीहरूको पठनबोध क्षमतामा एकरूपता पनि देखिंदैन ।

## ४.२ विद्यार्थीहरूको दृष्टांश पठनबोध क्षमताको स्थितिः

### ४.२.१ प्रतिशतको आधारमा विद्यार्थीहरूको दृष्टांश पठनबोध क्षमताको स्थितिः

| कुल सङ्ख्या | ५० प्रतिशत भन्दा कम | | ६० प्रतिशत भन्दा कम | | ७० प्रतिशत भन्दा कम | | ८० प्रतिशत भन्दा कम | | ८० प्रतिशत भन्दा बढी | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ९० | १४ | १५.५६ | १० | ११.११ | ५ | ५.५५ | १० | ११.११ | ५१ | ५६.६७ |

उपर्युक्त तालिकामा विद्यार्थीहरूको दृष्टांश पठनबोध क्षमताको प्रतिशत गणना गरी हेर्दा कुल ९० जना विद्यार्थीहरूमध्ये ५० प्रतिशतभन्दा कम पठनबोध क्षमता भएका विद्यार्थीको सङ्ख्या १४, प्रतिशत १५.५६ देखिन्छ । त्यसैगरी ६० प्रतिशतभन्दा कम पठनबोध क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या १०, प्रतिशत ११.११ देखिन्छ । ७० प्रतिशत भन्दा कम पठनबोध क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या ५, प्रतिशत ५.५५ देखिन्छ । त्यसैगरी ८० प्रतिशतभन्दा कम पठनबोध क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या १०, प्रतिशत ११.११ देखिन्छ । ८० प्रतिशतभन्दा बढी पठनबोध क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या ५१, प्रतिशत ५६.६७ देखिन्छ । यसरी ५० प्रतिशतभन्दा कम पठनबोध क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या १४, प्रतिशत १५.५६ र ८० प्रतिशत भन्दा बढी पठनबोध क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या ५१, प्रतिशत ५६.६७

देखिनुले समग्र विद्यार्थीहरूको दृष्टांश पठनबोध क्षमता उच्च रहेको मान्न सकिन्छ । ७० प्रतिशतलाई आधार मनी ७० प्रतिशतभन्दा कम पठनबोध क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या २९, प्रतिशत ३२.२२ रहेको र ७० प्रतिशतभन्दा माथि पठनबोध क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या ६१, प्रतिशत ६७.७८ देखिनुले समग्र विद्यार्थीहरूको दृष्टांश पठनबोध क्षमता उच्च रहेको प्रमाणित हुन्छ ।

### ४.३ विद्यार्थीहरूको अदृष्टांश पठनबोध क्षमताको स्थितिः

#### ४.३.१ प्रतिशतको आधारमा विद्यार्थीहरूको अदृष्टांश पठनबोध क्षमताको स्थितिः

| कुल सङ्ख्या | ५० प्रतिशत भन्दा कम | | ६० प्रतिशत भन्दा कम | | ७० प्रतिशत भन्दा कम | | ८० प्रतिशत भन्दा कम | | ८० प्रतिशत भन्दा बढी | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ९० | १५ | १६.६७ | २१ | २३.३३ | १३ | १४.४४ | २५ | २७.७८ | १६ | १७.७८ |

प्रस्तुत तालिकामा विद्यार्थीहरूको अदृष्टांश पठनबोध क्षमताको प्रतिशत गणना गरी हेर्दा कुल ९० जना विद्यार्थीहरूमध्ये ५० प्रतिशतभन्दा कम पठनबोध क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या १५, प्रतिशत १६.६७ देखिन्छ ६० प्रशितभन्दा कम पठनबोध क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या २१, प्रतिशत २३.३३ देखिन्छ । त्यसैगरी ७० प्रतिशतभन्दा कम पठनबोध क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या १३, प्रशित १४.४४ देखिन्छ । ८० प्रतिशत भन्दा कम पठनबोध क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या २५, प्रतिशत २७.८७ देखिन्छ । त्यस्तै ८० प्रतिशतभन्दा बढी पठनबोध क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या १६, प्रतिशत १७.७८ रहेको देखिन्छ ।

न्यूनतम श्रेणीका रूपमा मापन गरिएको ४० प्रतिशत भन्दा तल अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको पठनबोध क्षमता १६.६७  प्रतिशत र उच्चतम श्रेणीका रूपमा मापन गरिएको विद्यार्थीहरूको पठनबोध क्षमता १७.७८ रहनुले समग्र विद्यार्थीहरूको अदृष्टांश पठनबोध क्षमता सन्तोषजनक नै भएको पाइन्छ । ७० प्रतिशतलाई आधार मानेर ७०

प्रतिशतभन्दा तल र माथिलाई दुई समूहमा वर्गीकरण गरी हेर्दा समग्र विद्यार्थीहरूको पठनबोध क्षमता सन्तोषजनक रहेको पाइन्छ ।

### ४.३.२ मध्यमान र  मानक विचलनका आधारमा विद्यार्थीहरूको दृष्टांश पठनबोध क्षमताको स्थिति

| कुल सङ्ख्या | समग्र मध्यमान | मानक विचलन | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ९० | ३८.३० | ९.३३ | ५१ | ५६.६४ | ३९ | ४३.३३ |

उपर्युक्त तालिकामा कुल विद्यार्थी ९० मध्ये  दृष्टांश पठनबोध क्षमता भएका विद्यार्थीहरूको मध्यमान ३८.३० र मानक विचलन ९.३३ रहेको छ । मध्यमानलाई आधार मानी हेर्दा मध्यमानभन्दा माथि पठनबोध क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या ५१, प्रतिशत ५६.६४ र मध्यमानभन्दा तल पठनबोध क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या ३९, प्रतिशत ४३.३३ रहेको देखिन्छ । मध्यमानभन्दा तल र मध्यमानभन्दा माथिको प्रतिशताङ्कमा धेरै अन्तर नभएकोले कक्षा ८ मा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमता सन्तोषजनक रहेको मान्न सकिन्छ । मानक विचलनलाई हेर्दा मानक विचलन ९.३३ रहनुले दृष्टांश पठनबोध क्षमतामा विद्यार्थीहरूको क्षमता एकरूपता नभएको देखिन्छ ।

### ४.३.३ मध्यमान र मानक विचलनका आधारमा विद्यार्थीहरूको अदृष्टांश पठनबोध क्षमताको स्थितिः

| कुल सङ्ख्या | समग्र मध्यमान | मानक विचलन | मध्यमानभन्दा तल | | मध्यमानभन्दा माथि | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ९० | ३२.७७ | ५.५६ | ४१ | ४५.५६ | ४९ | ५४.४४ |

माथिको तालिकाअनुसार अदृष्टांश पठनबोध क्षमताको समग्र मध्यमान ३२.७७ र मानक विचलन ५.५६ रहेकको पाइन्छ । समग्र अदृष्टांश मध्यमान ३२.७७ लाई आधार मानी हेर्दा मध्यमानभन्दा तल पठनबोध क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या ४१, प्रतिशत ४५.५६ र मध्यमानभन्दा माथिपठनबोध भएका विद्यार्थीहरूको सङ्ख्या ४९, प्रतिशत ५४.४४ रहेको देखिन्छ । मध्यमानभन्दा तल र मध्यमानभन्दा माथिको प्रतिशत अन्तरलाई हेर्दा खासै ठूलो अन्तर नरहेकाले लमजुङ जिल्लाका कक्षा ८ मा अध्ययनरत समग्र विद्यार्थीहरूको अदृष्टांश पठनबोध क्षमता सामान्य रहेको मान्न सकिन्छ । मानक विचलनका आधारमा हेर्दा मानक विचलन ५.५६ रहनुले समग्र विद्यार्थीहरूको अदृष्टांश पठनबोध क्षमतामा एकरूपता दखिँदैन । यसरी मध्यमानका आधारमा विद्यार्थीहरूको समग्र अदृष्टांश पठनबोध क्षमता सामान्य रहनु र मानक विचलनका आधारमा विद्यार्थीहरूको समग्र अदृष्टांश पठनबोध क्षमता एकरूपता नरहनुले समग्र विद्यार्थीहरूको अदृष्टांश पठनबोध क्षमता सन्तोषजनक रहेको पाइन्छ ।

### ४.४ समग्र विद्यार्थीहरूको दृष्टांश र अदृष्टांश पठनबोध क्षमताको तुलनाः

| विद्यार्थीको सङ्ख्या | दृष्टांश उद्धरण | अदृष्टांश उद्धरण |
|---|---|---|
| ९० | | |
| मध्यमान | ३८.३० | ३२.७७ |
| मानक विचलन | ९.३३ | ५.५६ |
| Z मान | ७.०९ | |

प्रस्तुत तालिकामा दृष्टांश पठनबोध क्षमताको मध्यमान ३८.३० रहेको छ भने अदृष्टांश पठनबोध क्षमताको मध्यमान ३२.७७ रहेको छ । मध्यमानलाई हेर्दा दृष्टांश पठनबोध क्षमताको मध्यमानभन्दा अदृष्टांश पठनबोध क्षमताको मध्यमान कम रहेको छ । यस आधारमा अदृष्टांश पठनबोधभन्दा दृष्टांश पठनबोध क्षमता उच्च रहेको पाइन्छ । उक्त तालिकामा उल्लेख गरिएअनुसार दृष्टांश मानक विचलन ९.३३ र अदृष्टांश मानक विचलन ५.५६ रहेको पाइन्छ । यस तथ्यले विद्यार्थीहरूको अदृष्टांश

पठनबोध क्षमता, दृष्टांश पठनबोध क्षमताभन्दा कम विचलित भएको बुझिन्छ । यसबाट अदृष्टांश पठनबोध क्षमता सन्तोषजनक रहेको पाइन्छ । दृष्टांश र अदृष्टांश क्षमताको अन्तर केलाउन 'z' मान ०.०५ सार्थक तहमा हेर्दा 'z' को मान ७.०९ रहेबाट पनि दृष्टांश र अदृष्टांश पठनबोध क्षमतामा अन्तर छ भन्ने तथ्यको पुष्टि गर्दछ । यसबाट के स्पष्ट हुन्छ भने विद्यार्थीहरूको पठनबोध क्षमता अभिवृद्धिका लागि अदृष्टांश उद्धरण कठिन देखिन्छ । अतः दृष्टांश उद्धरणबाट पठनबोध सम्बन्धी अभ्यासपश्चात् मात्र अदृष्टांश उद्धरणहरूको अभ्यास गराउनु पर्ने आवश्यकता देखिन्छ ।

**४.५ समग्र मध्यमान र मानक विचलनका आधारमा विद्यार्थीहरूको पठनबोध क्षमताको समूहगत स्थितिः**

| कुल सङ्ख्या | समग्र मध्यमान | समग्र मानक विचलन | समूह | समूहगत सङ्ख्या | मध्यमानभन्दा माथि | | मध्यमान भन्दा तल | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| | | | स्थानीयताः | | | | | |
| | | | गाउँ | ४३ | १३ | ३०.२३ | ३० | ६९.७७ |
| | | | सहर | ४७ | ३० | ६३.८२ | १७ | ३६.१८ |
| | | | लिङ्ग | | | | | |
| | | | छात्र | ४५ | २५ | ५५.५६ | २० | ४४.४४ |
| | | | छात्रा | ४५ | २० | ४४.४४ | २५ | ५५.५६ |
| | | | भाषिक पृष्ठभूमि | | | | | |
| | | | नेपाली मातृभाषी | ५३ | ३२ | ६०.३७ | २१ | ३९.६३ |
| | | | नेपाली दोस्रोभाषी | ३७ | १३ | ३५.१३ | २४ | ६४.८७ |
| | | | विद्यालयको प्रकृतिः | | | | | |
| ९० | ७१.१४ | १५.०२ | निजी | ४५ | २४ | ५३.३३ | २१ | ४६.६७ |
| | | | सार्वजनिक | ४५ | १८ | ४०.०० | २७ | ६०.०० |
| | | | जातीयताः | | | | | |
| | | | बाहुन/क्षत्री | ५० | ३२ | ६४.०० | १८ | ३६.०० |
| | | | गुरुङ्ग | २४ | ६ | २५.०० | १८ | ७५.०० |
| | | | नेवार | १२ | ६ | ५०.०० | ६ | ५०.०० |
| | | | अन्य (दुरा, तामाङ) | ४ (२+२) | २ | ५०.०० | २ | ५०.०० |

उपर्युक्त तालिकामा विद्यार्थीको कुल सङ्ख्या ९० जना रहेको छ । मध्यमान ७१.१४ र मानक विचलन १५.०२ लाई आधार बनाई विभिन्न समूहको समूहगत पठनबोध क्षमताको विश्लेषण गर्दा निम्नअनुसार देखिन्छः

माथिको तालिकामा देखाएअनुसार स्थानीयताका दृष्टिले समग्र पठनबोधमा गाउँतर्फका ४३ जना र सहर तर्फका ४७ जना विद्यार्थीहरू समावेश गरिएको छ । समग्र मध्यमान ७१.१४ लाई आधार मानी हेर्दा गाउँतर्फका विद्यार्थीहरूको सङ्ख्या १३, प्रतिशत ३०.३२, मध्यमानभन्दा माथि र सङ्ख्या ३०, प्रतिशत ६७.७७ रहेकोले गाउँतर्फका विद्यार्थीहरूको पठनबोध क्षमता कमजोर रहेको देखिन्छ । त्यसैगरी सहरतर्फ हेर्दा ४७ विद्यार्थीहरूमध्ये समग्र मध्यमानभन्दा माथि रहने विद्यार्थीहरूको सङ्ख्या ३०, प्रतिशत ६३.८२ र मध्यमानभन्दा तल रहने विद्यार्थीहरूको सङ्ख्या १७, प्रतिशत ३६.१८ रहेको देखिन्छ । यसरी उक्त तथ्याङ्क अनुसार सहरतर्फका विद्यार्थीहरूको पठनबोध क्षमता मध्यमान माथि रहेकोले सहरतर्फका विद्यार्थीहरूको पठनबोध क्षमता सन्तोषजनक रहेको देखिन्छ ।

यसरी माथिको तथ्याङ्कअनुसार हेर्दा गाउँतर्फका बहुप्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा तल र अल्पप्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा माथि रहेकाले गाउँतर्फका विद्यार्थीहरूको पठनबोध क्षमता कमजोर रहेको देखिन्छ । गाउँतर्फका विद्यार्थीहरूको नाजुक पठनबोध क्षमता रहनुको कारण पठनपाठनका लागि आवश्यकीय पाठ्यपुस्तक, सन्दर्भ सामग्रीहरूको अपर्याप्तता, पठनपाठनमा अनियमितता, गाउँतर्फका अधिकांश अभिभावकमा शैक्षिक चेतनाको कमी, विद्यार्थीहरूले अधिकांश समय घरको काममा लगाउनुपर्ने जस्ता कारणहरू हुन सक्छन् । त्यसैगरी गाउँतर्फका विद्यार्थहरूको पठनबोध क्षमताको तुलनामा सहरतर्फका विद्यार्थीहरूको पठनबोध क्षमता राम्रो रहनुको कारण पठनपाठनमा आवश्यक पाठ्यपुस्तक एवम् सन्दर्भ सामग्रीको प्रयाप्तता, अभिभावकहरूमा शैक्षिक चेतना, रेडियो, टेलिभिजन, पत्रपत्रिका आदि सञ्चारका साधनहरूको उपयोग गर्ने अवसर जस्ता कारणहरू हुन सक्छन् ।

लैङ्गिक समूहका आधारमा हेर्दा छात्रतर्फ ४५ र छात्रातर्फ ४५ जना विद्यार्थीहरू यस अध्ययनमा समावेश गरिएको छ । समग्र मध्यमान ७१.१४ लाई आधार मानी तथ्याङ्कको विश्लेषण गर्दा छात्रतर्फ ५५.५६ प्रतिशत विद्यार्थी मध्यमानभन्दा माथि र ४४.४४ प्रतिशत विद्यार्थी मध्यमानभन्दा तल रहेको देखिन्छ । समग्र मध्यमानलाई आधारमान्दा मध्यमानभन्दा माथि र मध्यमान भन्दा तलको प्रतिशतमा केही अन्तर भएकाले छात्रहरूको पठनबोध क्षमता सामान्य रहेको पाइन्छ । त्यसैगरी समग्र मध्यमान ७१.१४ लाई आधार मानेर छात्राहरूको पठनबोध क्षमता हेर्दा ४४.४४ प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा माथि र ५५.५६ प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा तल रहेको देखिन्छ । यसरी मध्यमानभन्दा माथि र मध्यमानभन्दा तल केही अन्तर भएकाले छात्राहरूको पठनबोध क्षमता सामान्य रहेको देखिन्छ । यसरी मध्यमानभन्दा माथि र तलको छात्र छात्रा वीचको पठनबोध क्षमतामा नगन्य अन्तर रहेपनि तात्विक अन्तर भने रहेको पाइँदैन ।

भाषिक पृष्ठभूमिको आधारमा हेर्दा कुल सङ्ख्या ९० मध्ये नेपाली मातृभाषी ५३ र नेपाली दोस्रो भाषी ३७ जना विद्यार्थी रहेका छन् । समग्र मध्यमान ७१.१४ का आधारमा नेपाली मातृभाषी विद्यार्थीहरू केलाउँदा ६०.३७ प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा माथि र ३९.६३ प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा तल रहेको पाइन्छ । यसरी बहुसङ्ख्यक विद्यार्थीहरू मध्यमानभन्दा माथि र अल्पसङ्ख्यक विद्यार्थीहरू मध्यमानभन्दा तल रहनुले नेपाली मातृभाषी विद्यार्थीहरूको पठनबोध क्षमता सन्तोषप्रद रहेको देखिन्छ । त्यसैगरी समग्र मध्यमान ७१.१४ का आधारमा नेपाली दोस्रोभाषी विद्यार्थीहरूतर्फ हेर्दा मध्यमानभन्दा माथि ३५.१३ र मध्यमानभन्दा तल ६४.८७ रहेको देखिन्छ । यसरी बहुसङ्ख्यक विद्यार्थीहरू मध्यमानभन्दा तल र अल्पसङ्ख्यक विद्यार्थीहरू मध्यमानभन्दा माथि रहेकाले नेपाली दोस्रोभाषी विद्यार्थीहरूको पठनबोध क्षमता कमजोर रहेको पाइन्छ । यसरी समग्र मध्यमानलाई आधार मानी हेर्दा नेपाली मातृभाषी विद्यार्थीहरूको तुलनामा नेपाली दोस्रोभाषी विद्यार्थीहरूको पठनबोध क्षमता कमजोर रहेको देखिन्छ ।

विद्यालयको प्रकृतिका आधारमा हेर्दा कुल सङ्ख्या ९० मध्ये ४५ जना निजी र ४५ जना विद्यार्थीहरू सार्वजनिक विद्यालयका समावेश गरिएका छन् । निजी विद्यालयतर्फ समग्र मध्यमान ७१.१४ लाई आधार मानी हेर्दा मध्यमानभन्दा माथि ५३.३३ र मध्यमानभन्दा तल ४६.६७ रहेको पाइन्छ । यसरी समग्र मध्यमानका आधारमा मध्यमानभन्दा माथि र तलको खासै अन्तर नभएकोले निजी विद्यालयका समग्र विद्यार्थीहरूको पठनबोध क्षमता सामान्य रहेको पाइन्छ । त्यसैगरी सार्वजनिक विद्यालयका ४५ विद्यार्थीहरूमध्ये समग्र मध्येमान ७१.१४ लाई आधार मानी हेर्दा मध्यमानभन्दा माथि ४०.०० प्रतिशत र मध्यमानभन्दा तल ६०.०० प्रतिशत रहेको पाइन्छ । यसरी मध्यमानभन्दा माथि वहुसङ्ख्यक विद्यार्थी र मध्यमानभन्दा तल अल्पसङ्ख्यक विद्यार्थी रहेकोले सार्वजनिक विद्यालयको समग्र विद्यार्थीहरूको पठनबोध क्षमता कमजोर रहेको पाइन्छ ।

जातीयताका आधारमा प्रस्तुत अध्ययनलाई विश्लेषण गर्नुपर्दा बाहुन/क्षत्री जातिको सङ्ख्या बढी रहेको पाइन्छ । कुल जनसङ्ख्या ९० जना विद्यार्थीहरूमध्ये ५० जना अर्थात ५५.५५ प्रतिशत बाहुन/क्षत्री विद्यार्थीहरू रहेको पाइन्छ । समग्र मध्यमान ७१.१४ लाई आधार मानी हेर्दा मध्यमानभन्दा माथि ६४.०० प्रतिशत र मध्यमानभन्दा तल ३६.०० प्रतिशत रहेको पाइन्छ । यसरी समग्र मध्यमानको आधारमा हेर्दा बहुसङ्ख्यक बाहुन/क्षत्री विद्यार्थीहरू मध्यमानभन्दा माथि र अल्पसङ्ख्यक विद्यार्थीहरू मध्यमानभन्दा तल रहेकाले बाहुन/क्षत्री विद्यार्थीहरूको पठनबोध क्षमता उच्च रहेको पाइन्छ ।

यसैगरी जातीयताका दृष्टिले कुल विद्यार्थी सङ्ख्या ९० मध्ये दोस्रो जातिका रूपमा गुरुङ्ग रहेको पाइन्छ । कुल विद्यार्थीहरूमध्ये २४ जना विद्यार्थी गुरुङ्ग रहेको पाइन्छ । समग्र मध्यमान ७१.१४ लाई आधार मानी हेर्दा मध्यमानभन्दा माथि २५.०० प्रतिशत र मध्यमानभन्दा तल ७५.०० प्रतिशत रहेको पाइन्छ । समग्र मध्यमान ७१.१४ लाई आधार मानी हेर्दा बहुसङ्ख्यक गुरुङ्ग जातिका विद्यार्थीहरू मध्यमानभन्दा

तल र अल्पसङ्ख्यक विद्यार्थीहरू मध्यमानभन्दा माथि रहेकाले गुरुङ्ग जातिका विद्यार्थीहरूको पठनबोध क्षमता कमजोर रहेको पाइन्छ ।

जातीयताको आधारमा हेर्दा कुल विद्यार्थी सङ्ख्या ९० मध्ये १२ जना विद्यार्थी नेवार जातिको रहेको पाइन्छ । समग्र मध्यमान ७१.१४ लाई आधार मानी हेर्दा मध्यमानभन्दा माथि ५०.०० प्रतिशत र मध्यमानभन्दा तल ५०.०० प्रतिशत रहेको पाइन्छ । यसरी समग्र मध्यमानलाई आधार मानी हेर्दा मध्यमानभन्दा तल र माथिको प्रतिशत समान रहेकाले नेवार जातिको पठनबोध क्षमता समान रहेको पाइन्छ ।

प्रस्तुत तालिकामा दुरा २ र तामाङ २ गरी जम्मा ४ जना विद्यार्थीहरू रहेको पाइन्छ । समग्र मध्यमानका आधारमा हेर्दा ५०.०० प्रतिशत विद्यार्थी मध्यमानभन्दा माथि र ५०.०० प्रतिशत विद्यार्थी मध्यमानभन्दा तल रहेकाले तामाङ, दुरा जातिका विद्यार्थीहरूको पठनबोध क्षमता समान रहेको पाइन्छ ।

### ४.६ समग्र मध्यमान र मानक विचलनका आधारमा विद्यार्थीहरूको समूहगत दृष्टांश पठनबोध क्षमताको स्थिति

| कुल सङ्ख्या | समग्र मध्यमान | समग्र मानक विचलन | समूह | समूहगत सङ्ख्या | मध्यमानभन्दा माथि | | मध्यमान भन्दा तल | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| | | | स्थानीयता: | | | | | |
| | | | गाउँ | ४३ | १८ | ४१.८६ | २५ | ५८.१४ |
| | | | सहर | ४७ | ३३ | ७०.२१ | १४ | २९.७९ |
| | | | लिङ्ग | | | | | |
| | | | छात्र | ४५ | २८ | ६२.२२ | १७ | ३७.७८ |
| | | | छात्रा | ४५ | २३ | ५१.११ | २२ | ४८.८९ |
| | | | भाषिक पृष्ठभूमि | | | | | |
| | | | नेपाली मातृभाषी | ५३ | ३६ | ६७.९२ | १७ | ३२.०८ |
| | | | नेपाली दोस्रोभाषी | ३७ | १५ | ४०.५४ | २२ | ५९.४६ |
| | | | विद्यालयको प्रकृति: | | | | | |
| ९० | ३८.३० | ९.३३ | निजी | ४५ | २५ | ५५.५६ | २० | ४४.४४ |
| | | | सार्वजनिक | ४५ | २६ | ५७.७८ | १९ | ४२.२२ |
| | | | जातीयता: | | | | | |
| | | | बाहुन/क्षत्री | ५० | ३५ | ७०.०० | १५ | ३०.०० |
| | | | गुरुङ्ग | २४ | ७ | २९.१६ | १७ | ७०.८४ |
| | | | नेवार | १२ | ७ | ५८.३३ | ५ | ४१.६७ |
| | | | अन्य (दुरा, तामाङ) | ४ (२+२) | २ | ५०.०० | २ | ५०.०० |

प्रस्तुत तालिकामा जम्मा विद्यार्थी सङ्ख्या ९० रहेको छ । दृष्टांश पठनबोधको समग्र मध्यमान ३८.३० र मानक विचलन ९.३३ रहेको छ । मध्यमान र मानक विचलनलाई आधार मानी विभिन्न समूहका विद्यार्थीहरूको पठनबोध क्षमतालाई केलाउँदा निम्नअनुसार देखिन्छ ।

स्थानीयताका दृष्टिले गाउँतर्फ ४३ जना र सहरतर्फ ४७ जना विद्यार्थीलाई समावेश गरिएको छ । दृष्टांश पठनबोध क्षमताको समग्र मध्यमान ९.३३ लाई आधार मानी केलाउँदा गाउँतर्फ मध्यमानभन्दा माथि ४१.८६ र मध्यमानभन्दा तल ५८.१४ विद्यार्थी देखिन्छन् भने सहरतर्फ मध्यमानभन्दा माथि पठनबोध क्षमता हुने विद्यार्थीको प्रतिशत ७०.२१ र मध्यमानभन्दा तल पठनबोध क्षमता हुने विद्यार्थीको प्रतिशत २९.७९ देखिन्छ । उपर्युक्त तथ्याङ्कका आधारमा गाउँतर्फका वहुप्रतिशत विद्यार्थीहरूको पठनबोध क्षमता मध्यमानभन्दा तल र अल्पप्रतिशत विद्यार्थीहरूको पठनबोध क्षमता मध्यमानभन्दा माथि रहेकाले र सहरतर्फका बहुप्रतिशत विद्यार्थीहरूको पठनबोध क्षमता मध्यमानभन्दा तल रहेकाले गाउँतर्फका विद्यार्थीहरूको भन्दा सहरतर्फका विद्यार्थीहरूको दृष्टांश पठनबोध क्षमता निकै सन्तोषजनक रहेको स्पष्ट हुन्छ ।

प्रस्तुत अध्ययनलाई लैङ्गिक दृष्टिले हेर्दा जम्मा विद्यार्थीहरू मध्ये ९० मध्ये ४५ छात्र र ४५ छात्रा रहेका छन् । दृष्टांश पठनबोधको मध्यमान ३८.३० लाई आधार बनाएर हेर्दा छात्रतर्फ मध्यमानभन्दा माथि पठनबोध क्षमता हुने विद्यार्थीको प्रतिशत ६२.२२ र मध्यमानभन्दा तल ३७.७८ प्रतिशत देखिन्छ । त्यसैगरी छात्रातर्फ मध्यमानभन्दा माथि दृष्टांश पठनबोध क्षमता हुने विद्यार्थीको प्रतिशत ५१.११ र मध्यमानभन्दा तल ४८.८९ प्रतिशत देखिन्छ । माथिको तथ्याङ्कका आधारमा हेर्दा छात्रहरूको दृष्टांश पठनबोध क्षमताभन्दा छात्राहरूको दृष्टांश पठनबोध क्षमता सन्तोषप्रद रहेको देखिन्छ ।

भाषिक पृष्ठभूमिका आधारमा प्रस्तुत अध्ययनलाई विश्लेषण गर्दा नेपाली मातृभाषी विद्यार्थीतर्फ ५३ र नेपाली दोस्रोभाषी विद्यार्थीतर्फ ३७ जना रहेको पाइन्छ ।

दृष्टांश पठनबोध क्षमताको समग्र मध्यमान ३८.३० लाई आधार मानी नेपाली मातृभाषी विद्यार्थीतर्फ हेर्दा ६७.९२ प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा माथि र ३२.०८ प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा तल रहेको पाइन्छ । मध्यमानका आधारमा हेर्दा नेपाली मातृभाषी विद्यार्थीहरूको दृष्टांश पठनबोध क्षमता ३५.८४ प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा माथि रहेकाले मातृभाषी विद्यार्थीहरूको दृष्टांश पठनबोध क्षमता उच्च रहेको पाइन्छ । यसै गरी नेपाली विमातृभाषी विद्यार्थीहरूको दृष्टांश पठन क्षमतालाई हेर्दा मध्यमानभन्दा माथि ४०.५४ प्रतिशत र मध्यमानभन्दा तल ५९.४६ प्रतिशत रहेको पाइन्छ । माथिको तथ्याङ्कका आधारमा नेपाली दोस्रोभाषी विद्यार्थीहरूको दृष्टांश पठनबोध क्षमता मध्यमानभन्दा माथिभन्दा मध्यमानभन्दा तल रहनेको प्रतिशत केही बढी देखिएकाले नेपाली दोस्रो भाषी विद्यार्थीहरूको पठनबोध क्षमता कमजोर नै रहेको पाइन्छ ।

विद्यालयको प्रकृतिका आधारमा हेर्दा निजी विद्यालयतर्फ ४५ र सार्वजनिक विद्यालयतर्फ ४५ विद्यार्थीहरू समावेश गरिएको छ । समग्र दृष्टांश मध्यमान ३८.३० लाई आधार मानी हेर्दा निजी विद्यालयतर्फ ५५.५६ प्रतिशत विद्यार्थी मध्यमानभन्दा माथि र ४४.४४ विद्यार्थीहरू मध्यमानभन्दा तल रहेको पाइन्छ । मध्यमान ३८.३० लाई आधार मानी हेर्दा मध्यमान तल भन्दा मध्यमान भन्दामाथि १०.०० प्रतिशत बढी रहनुले निजी विद्यालयका विद्यार्थीहरूको दृष्टांश पठनबोध क्षमता सन्तोषप्रद नै मान्न सकिन्छ । यसैगरी सार्वजनिक विद्यालयतर्फका विद्यार्थीहरूलाई समग्र दृष्टांश पठनबोध क्षमताको मध्यमान ३८.३० का आधारमा विश्लेषण गर्दा मध्यमानभन्दा माथि ५७.७८ र मध्यमानभन्दा तल ४२.२२ प्रतिशत रहेको पाइन्छ । मध्यमानभन्दा माथि र तलको प्रतिशतमा १५.५६ प्रतिशत अन्तर रहेकाले सार्वजनिक विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमता सन्तोषजनक रहेको मान्न सकिन्छ ।

प्रस्तुत अध्ययनलाई जातिगत दृष्टिले विश्लेषण गर्दा प्रतिनिधि जनसङ्ख्याका रूपमा समेटिएका ९० जना विद्यार्थीहरूमध्ये ५० जना बाहुन/क्षत्री, २४ जना गुरुङ्ग, १२ जना नेवार र अन्यमा २ जना तामाङ र २ जना दुरा रहेका छन् । समग्र दृष्टांश

मध्यमान ३८.३० लाई आधार मानी हेर्दा बाहुन/क्षत्री जाति मध्यमानभन्दा माथि ७०.०० प्रतिशत र मध्यमानभन्दा तल ३०.०० प्रतिशत रहेको देखिन्छ । यसरी मध्यमानभन्दा तल र माथिको अन्तर ४०.०० प्रतिशत देखिनुले लमजुङ जिल्लाका कक्षा आठमा अध्ययनरत बाहुन/क्षत्री विद्यार्थीहरूको पठनबोध क्षमता उच्च रहेको देखिन्छ । यसैगरी जातीय दृष्टिकोणबाटै प्रस्तुत अध्ययनमा गुरुङ्गको पठनबोध क्षमताको विश्लेषण गर्दा २९.१६ प्रतिशत विद्यार्थी मध्यमान भन्दामाथि र ७०.८४ प्रतिशत विद्यार्थी मध्यमान भन्दा तल रहेकाले गुरुङ्ग जातिको दृष्टांश पठनबोध क्षमतामा ४१.६८ प्रतिशतको अन्तर भएकाले गुरुङ्ग जातिका विद्यार्थीको पठनबोध क्षमता कमजोर रहेको पाइन्छ ।

यसैगरी जातिगत आधारमा नेवार जातिको पठनबोध क्षमताको विश्लेषण गर्दा ५८.३३ प्रतिशत विद्यार्थी मध्यमानभन्दा माथि र ४१.६७ प्रतिशत विद्यार्थी मध्यमानभन्दा तल रहेकाले नेवार जातिको पठनबोध क्षमतामा १६.६६ प्रतिशतले अन्तर रहेकाले नेवार जातिका विद्यार्थीहरूको पठनबोध क्षमता सन्तोषजनक रहेको पाइन्छ । त्यसैगरी अन्य विद्यार्थीहरू मध्ये ५०.०० प्रतिशत विद्यार्थी मध्यमानभन्दा माथि र ५०.०० प्रतिशत विद्यार्थी मध्यमानभन्दा तल रहेको देखिन्छ । जसमध्ये मध्यमानभन्दा माथि रहने विद्यार्थी तामाङ र मध्यमानभन्दा तल रहने विद्यार्थी दुरा भएकोले दुरा जातिका विद्यार्थीको तुलनामा तामाङ जातिको पठनबोध उच्च रहेको पाइन्छ ।

### ४.७ समग्र मध्यमान र मानक विचलनका आधारमा विद्यार्थीहरूको समूहगत अदृष्टांश पठनबोध क्षमताको स्थिति

| कुल सङ्ख्या | समग्र मध्यमान | समग्र मानक विचलन | समूह | समूहगत सङ्ख्या | मध्यमानभन्दा माथि | | मध्यमान भन्दा तल | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| | | | स्थानीयता: | | | | | |
| | | | गाउँ | ४३ | १४ | ३२.५६ | २९ | ६७.४४ |
| | | | सहर | ४७ | ३५ | ७४.४७ | १२ | २५.५३ |
| | | | लिङ्ग | | | | | |
| | | | छात्र | ४५ | २४ | ५३.३३ | २१ | ४६.६७ |
| | | | छात्रा | ४५ | २४ | ५३.३३ | २१ | ४६.६७ |
| | | | भाषिक पृष्ठभूमि | | | | | |
| | | | नेपाली मातृभाषी | ५३ | ३४ | ६४.१५ | १९ | ३५.८५ |
| | | | नेपाली दोस्रोभाषी | ३७ | १५ | ४०.५४ | २२ | ५९.४६ |
| | | | विद्यालयको प्रकृति: | | | | | |
| ९० | ३२.७७ | ५.५६ | निजी | ४५ | २७ | ६०.०० | १८ | ४०.०० |
| | | | सार्वजनिक | ४५ | २२ | ४८.८८ | २३ | ५१.१२ |
| | | | जातीयता: | | | | | |
| | | | बाहुन/क्षत्री | ५० | ३३ | ६६.०० | १७ | ३४.०० |
| | | | गुरुङ्ग | २४ | ८ | ३३.३३ | १६ | ६६.६७ |
| | | | नेवार | १२ | ६ | ५०.०० | ६ | ५०.०० |
| | | | अन्य (दुरा, तामाङ) | ४ (२+२) | २ | ५०.०० | २ | ५०.०० |

माथिको तालिकामा उल्लेख गरिएअनुसार प्रस्तुत अध्ययनमा कुल विद्यार्थी सङ्ख्या ९० रहेको छ । उक्त तालिकामा समग्र अदृष्टांश पठनबोध क्षमताको मध्यमान ३२.७७ र मानक विचलन ५.५६ रहेको पाइन्छ । समग्र मध्यमान र मानक विचलनका आधारमा समग्र विद्यार्थीहरूको अदृष्टांश पठनबोध क्षमता निम्नअनुसार विश्लेषण गर्न सकिन्छ ।

स्थानीयताका दृष्टिले हेर्दा प्रस्तुत अध्ययनमा गाउँतर्फ ४३ जना र सहरतर्फ ४७ जना विद्यार्थीहरू समेटिएका छन् । समग्र अदृष्टांश मध्यमान ३२.७७ लाई आधार मानी हेर्दा गाउँतर्फ ३२.५६ विद्यार्थीहरू मध्यमाानभन्दा माथि र ६७.४४ प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा तल रहेको पाइन्छ । यसरी बहुसङ्ख्यक विद्यार्थीहरूको पठनबोध क्षमता मध्यमानभन्दा तल र अल्पसङ्ख्यक विद्यार्थीहरूको पठनबोध क्षमता मध्यमानभन्दा माथि रहनुले गाउँतर्फका विद्यार्थीहरूको अदृष्टांश पठनबोध क्षमता अति कमजोर रहेको देखिन्छ । त्यसैगरी समग्र अदृष्टांश पठनबोध क्षमताको मध्यमान ३२.७७ लाई आधार मानी हेर्दा सहरतर्फका ४७ विद्यार्थीहरूमध्ये ७४.४७ प्रतिशत विद्यार्थीहरूको अदृष्टांश पठनबोध क्षमता मध्यमानभन्दा माथि र २५.५३ प्रतिशत विद्यार्थीहरूको अदृष्टांश पठनबोध क्षमता मध्यमानभन्दा तल रहनुले सहरतर्फका विद्यार्थीहरूको अदृष्टांश पठनबोध क्षमता उच्च रहेको प्रमाणित हुन्छ ।

लैङ्गिक दृष्टिकोणले हेर्दा प्रस्तुत अध्ययनमा ४५ छात्र र ४५ जना छात्राहरू नमुना जनसङ्ख्याका रूपमा समेटिएको छ । समग्र अदृष्टांश पठनबोध क्षमताको मध्यमन ३२.७७ लाई आधार मानी हेर्दा ५३.३३ प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा माथि र ४६.६७ प्रतिशत विद्यार्थीहरूको अदृष्टांश पठनबोध क्षमता मध्यमानभन्दा तल रहेको पाइन्छ । यसरी मध्यमानभन्दा तल र मध्यमनभन्दा माथिको प्रतिशतमा खासै अन्तर नभएकाले छात्रहरूको अदृष्टांश पठनबोध क्षमता सन्तोषजनक नै रहेको पाइन्छ । यसैगरी समग्र अदृष्टांश पठनबोध क्षमताको मध्यमान ३२.७७ लाई आधार मानी हेर्दा छात्राहरूको अदृष्टांश पठनबोध क्षमता मध्यमानभन्दा माथि ५३.३३ र मध्यमानभन्दा तल ४६.६७ प्रतिशत विद्यार्थीहरू रहेको देखिन्छ । यसरी मध्यमानभन्दा

माथि र मध्यमानभन्दा तलको प्रतिशतमा खासै ठूलो अन्तर नदेखिएकाले छात्राहरूको अदृष्टांश पठनबोध क्षमता सन्तोषजनक नै रहेको पाइन्छ ।

भाषिक पृष्ठभूमिका दृष्टिले प्रस्तुत अध्ययनलाई हेर्दा नेपाली मातृभाषी विद्यार्थीहरू ५३ र नेपाली दोस्रोभाषी विद्यार्थीतर्फ ३७ जना विद्यार्थीहरू समावेश गरिएको छ । अदृष्टांश क्षमताको मध्यमान ३२.७७ लाई आधार मानी तथ्याङ्कको विश्लेषण गर्दा नेपाली मातृभाषीतर्फ ६४.१५ प्रतिशत विद्यार्थीहरू मध्यमाानभन्दा माथि र ३५.८५ प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा तल रहेको पाइन्छ । यसरी वहुसङ्ख्यक विद्यार्थीहरूको अदृष्टांश पठनबोध क्षमता मध्यमानभन्दा माथि र अल्पसङ्ख्यक विद्यार्थीहरूको अदृष्टांश पठनबोध क्षमता मध्यमानभन्दा तल रहेकाले नेपाली मातृभाषी विद्यार्थीहरूको पठनबोध क्षमता उच्च रहेको मान्न सकिन्छ । यसैगरी अदृष्टांश पठनबोध क्षमताको मध्यमान ३२.७७ लाई आधार मानी हेर्दा नेपाली दोस्रोभाषी विद्यार्थीहरूको पठनबोध क्षमतामा ४०.५४ प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा माथि र ५९.४६ प्रतिशत विद्यार्थीहरूको अदृष्टांश पठनबोध क्षमता मध्यमानभन्दा तल रहेकाले नेपाली दोस्रोभाषी विद्यार्थीहरूको पठनबोध क्षमता कमजोर रहेको स्पष्ट हुन्छ ।

प्रस्तुत अध्ययनलाई विद्यालयको प्रकृतिका आधारमा विश्लेषण गर्दा निजी विद्यालयतर्फ ४५ जना र सार्वजनिक विद्यालयतर्फ ४५ जना विद्यार्थीहरू समेटिएको पाइन्छ । समग्र मध्यमान ३२.७७ लाई आधार मानी हेर्दा निजी विद्यालयतर्फ ६०.०० प्रतिशत विद्यार्थीहरूको पठनबोध क्षमता मध्यमानभन्दा माथि र ४०.०० प्रतिशत विद्यार्थीहरूको पठनबोध क्षमता मध्यमानका तल रहेको देखिन्छ । यसरी समग्र अदृष्टांश मध्यमानका आधारमा हेर्दा वहुसङ्ख्यक विद्यार्थीहरू मध्यमानभन्दा माथि र अल्पसङ्ख्यक विद्यार्थीहरू मध्यमानभन्दा तल रहेकाले निजी विद्यालयका विद्यार्थीहरूको अदृष्टांश पठनबोध क्षमता उच्च रहेको देखिन्छ । यसैगरी सार्वजनिक विद्यालयतर्फ हेर्दा ४५ जना विद्यार्थीहरूमध्ये समग्र अदृष्टांश पठनबोध क्षमता ३२.७७ लाई आधार मानी हेर्दा ४८.८८ प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा माथि र ५१.१२ प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा तल रहेको देखिन्छ । यसरी मध्यमानभन्दा माथि र

मध्यमानभन्दा तलको प्रशितमा खासै ठूलो अन्तर नभएकाले सार्वजनिक विद्यालयतर्फका विद्यार्थीहरूको अदृष्टांश पठनबोध क्षमता सामान्य रहेको देखिन्छ ।

प्रस्तुत अध्ययनलाई जातीगत आधारमा हेर्दा कुल विद्यार्थी सङ्ख्या ९० मध्ये ५० जना विद्यार्थी बाहुन/क्षत्री जातका रहेको पाइन्छ । समग्र अदृष्टांश मध्यमान ३२.७७ लाई आधार मानी हेर्दा ६६.०० प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा माथि र ३४.०० प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा तल रहेको देखिन्छ । यसरी बहुप्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा माथि र अल्पप्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा तल रहेकाले बाहुन/क्षत्री जातका विद्यार्थीहरूको अदृष्टांश पठनबोध क्षमता उच्च रहेको पाइन्छ । यसैगरी अदृष्टांश पठनबोध क्षमताको मध्यमान ३२.७७ लाई आधार मानी हेर्दा गुरुङ्ग जातीका विद्यार्थीहरूमध्ये ३३.३३ प्रतिशत विद्यार्थी मध्यमान भन्दामाथि र ६६.६७ प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा तल रहेको पाइन्छ ।यसरी मध्यमानभन्दा माथि र तलको प्रतिशतमा दोब्बर अन्तर रहेकाले गुरुङ्ग जातका विद्यार्थीहरूको पठनबोध क्षमता कमजोर रहेको देखिन्छ । यसैगरी अदृष्टांश पठनबोध क्षमताको मध्यमानका आधारमा हेर्दा नेवारकाप जातका विद्यार्थीहरू मध्ये ५०.०० प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा माथि र ५०.०० प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा तल रहेकाले नेवार जातका विद्यार्थीहरूको पठनबोध क्षमता सामान्य रहेको पाइन्छ । यसैगरी अन्य जातका विद्यार्थीमध्ये २ जना तामाङ र २ जना दुरा जातका रहेको पाइन्छ । जसमा ५०.०० प्रतिशत मध्यमानभन्दा माथि र ५०.०० प्रतिशत विद्यार्थी मध्यमानभन्दा तल रहेको देखिन्छ । जसमा मध्यमानभन्दा माथि रहने जातका तामाङ र मध्यमानभन्दा तल रहने जातमा दुरा रहेको पाइन्छ । यसरी दुरा जातका विद्यार्थीहरूको पठनबोध क्षमताभन्दा तामाङ जातका विद्यार्थीहरूको अदृष्टांश पठनबोध क्षमता उच्च रहेको देखिन्छ ।

अध्याय पाँच

# तुलनात्मक विश्लेषण

प्रस्तुत अध्यायमा समग्र विद्यार्थीहरूको पठनबोध क्षमताको तुलनात्मक अध्ययन गर्ने क्रममा स्थानीयताका आधारमा गाउँ र समूहका विद्यार्थीहरूबीच तुलना, लैङ्गिक आधारमा छात्र र छात्राबीच तुलना, भभाषिक पृष्ठभूमिका आधारमा नेपाली मातृभाषी र नेपाली दोस्रोभाषीबीच तुलना, विद्यालयको प्रकृतिका आधारमा निजी र सार्वजनिक विद्यालयबीच तुलना, जातीयताका आधारमा बाहुन/क्षत्री, गुरुङ्ग, बाहुन/क्षत्री, नेवार र गुरुङ्ग र नेवार विद्यार्थीहरूको तुलनात्मक अध्ययन गरिएको छ ।

## ५.१ विभिन्न समूहबीचमा पठनबोध क्षमताको तुलनात्मक स्थितिः

प्रस्तुत अध्ययन लमजुङ जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमता पहिल्याउने उद्देश्य राखिएको छ । यस अध्यायमा अध्याय चारमा प्रस्तुत गरिएको व्याखया विश्लेषणलाई आधार मानेर शोध निर्देशकको परामर्शमा विभिन्न चलहरू वीच तुलनात्मक विश्लेषण गरिएको छ । भिन्नभिन्न चलहरूका बीच तुलनात्मक विश्लेषण गर्न मध्यमान, मानक विचलन, 'z' परीक्षणजस्ता साङ्ख्किीहरूलाई उपयोगमा ल्याइएको छ ।

### ५.१.१ स्थानीयताका आधारमा पठनबोध क्षमतामा गाउँ र सहरबीच तुलनाः

| समूह | सङ्ख्या | मध्यमान | समग्र मध्यमान | मानक विचलन | समग्र मानक विचलन | Z मान |
|---|---|---|---|---|---|---|
| गाउँ | ४३ | ६७.५६ | ७१.१४ | १२.८७ | १५.०२ | २.३६ |
| सहर | ४७ | ७४.४१ | | १४.५८ | | |

स्थानीयताका दृष्टिले पठनबोध क्षमताको तुलनात्मक विश्लेषण गर्ने क्रममा उपर्युक्त तालिकामा गाउँतर्फका विद्यार्थीहरूको सङ्ख्या ४३ र सहर तर्फका विद्यार्थीहरूको सङ्ख्या ४७ रहेको पाइन्छ । उक्त दुवै समूहका विद्यार्थीहरूको समग्र

मध्यमान ७१.७७ देखिन्छ । गाउँतर्फका विद्यार्थीहरूको पठनबोध क्षमताको मध्यमान ६७.५६ र सहरतर्फका विद्यार्थीहरूको पठनबोध क्षमताको मध्यमान ७४.४१ रहेको देखिन्छ । मानक विचलनलाई हेर्दा समग्र विद्यार्थीहरूको पठनबोध क्षमताको मानक विचलन १५.०२ पाइन्छ । गाउँतर्फका विद्यार्थीहरूको पठनबोध क्षमताको मानक विचलन १२.८७ र सहरतर्फका विद्यार्थीहरूको मानक विचलन १४.५८ रहेको देखिन्छ ।

उपर्युक्त तालिकामा समग्र मध्यमान ७१.१४ लाई आधार  मानी गाउँ र सहरतर्फका विद्यार्थीहरूको तुलनात्मक विश्लेषण गर्दा गाउँतर्फका विद्यार्थीहरूको पठनबोध क्षमताभन्दा सहरतर्फका विद्यार्थीहरूको पठनबोध क्षमता उच्च रहेको देखिन्छ । समग्र मध्यमान ७१.१४ भन्दा सहरतर्फका विद्यार्थीहरूको पठनबोध क्षमता ३.२७ ले बढी देखिएकाले उक्त कुराको प्रमाणित हुन्छ । स्थानीयताका दृष्टिले पठनबोध क्षमताको तुलनात्मक विश्लेषण गर्ने क्रममा समग्र मानक विचलन १५.०२ लाई आधार मानी हेर्दा गाउँतर्फका विद्यार्थीहरूको मानक विचलनभन्दा सहरतर्फका विद्यार्थीहरूको मानक विचलन बढी देखिन्छ । माथिको तालिकामा उल्लेख भएअनुसार सहरतर्फका विद्यार्थीहरूको मानक विचलनभन्दा गाउँतर्फका विद्यार्थीहरूको मानक विचलन २.३३ ले कम रहनु र  समग्र मानक विचलनभन्दा सहरका विद्यार्थीहरूको मानक विचलन ०.४४ ले कम रहेकाले सहरतर्फका विद्यार्थीहरूकोभन्दा गाउँतर्फका विद्यार्थीको प्राप्ताङ्कमा एकरूपता पाइन्छ । यी दुवै समूहको अन्तर केलाउन 'z' मान ०.०५ सार्थक तहमा हेर्दा 'z' को मान २.३६ रहनुले गाउँ र सहरका विद्यार्थीहरूको पठनबोध क्षमतामा अन्तर रहेको देखिन्छ । गणना गरिएको 'z' को मान २.३६ भन्दा तालिकामा अङ्कित 'z' को मान ०.७१ ले कमी भएकाले गाउँ र सहरका विद्यार्थीहरूको पठनबोध क्षमतामा सार्थक अन्तर छैन भन्ने प्राक्कल्पना गलत सावित भएको छ ।

**५.१.२ पठनबोध क्षमतामा लैङ्गिक आधारमा छात्र र छात्राबीचको तुलनाः**

| समूह | सङ्ख्या | मध्यमान | समग्र मध्यमान | मानक विचलन | समग्र मानक विचलन | Z मान |
|---|---|---|---|---|---|---|
| छात्र | ४५ | ७१.१४ | ७१.१४ | १६.४१ | १५.०२ | ०.०७ |
| छात्रा | ४५ | ७१.३८ | | १६.९६ | | |

उपर्युक्त तालिकालाई लैङ्गिक दृष्टिले हेर्दा कुल विद्यार्थी सङ्ख्या ९० मध्ये ४५ जना छात्र र ४५ जना छात्रा रहेको पाइन्छ । माथिको तालिकामा समग्र मध्यमान ७१.१४ रहेको छ । छात्रहरूको मध्यमान ७१.१४ र छात्राहरूको मध्यमान ७१.३८ रहेको

देखिन्छ । यसैगरी समग्र मानक विचलन १५.०२ छ भने समूहगत रूपमा हेर्दा छात्रहरूको मानक विचलन १६.४१ र छात्राहरूको मानक विचलन १६.९६ रहेको पाइन्छ । समग्र मध्यमान ७१.१४ का आधारमा छात्र विद्यार्थीहरूको पठनबोध क्षमता सामान्य रहेको देखिन्छ । समग्र मध्यमान र छात्रहरूको मध्यमान समान रहेकाले उक्त कुराको पुष्टि गर्दछ । त्यसैगरी छात्रातर्फको पठनबोध क्षमताको स्थितिलाई समग्र मध्यमानका आधारमा तुलनात्मक विश्लेषण गर्दा ०.२४ ले छात्राहरूको मध्यमानमाथि भएकाले छात्राहरूको पठनबोध क्षमतापनि सामान्य नै देखिन्छ । अतः मध्यमानका आधारमा छात्र र छात्राहरूको पठनबोध क्षमतामा तात्विक अन्तर नभई सामान्य अन्तर देखिएकाले छात्र र छात्राहरूको पठनबोध क्षमता सामान्य रहेको मान्न सकिन्छ ।

उक्त समूहका विद्यार्थीहरूलाई मानक विचलनका आधारमा तुलनात्मक रूपमा विश्लेषण गर्दा समग्र मानक विचलन १५.०२ र छात्रको मानक विचलन १६.४१, छात्राहरूको मानक विचलन १६.९६ रहेको पाइन्छ । यसरी छात्रा र छात्राहरूको मानक विचलनलाई हेर्दा पनि छात्र र छात्राको पठनबोध क्षमता सामान्य नै रहेको पाइन्छ । यी दुवै समूहको अन्तरलाई केलाउन 'z' को मान ०.०५ सार्थकताको तहमा हेर्दा उक्त दुवै समूहको पठनबोध क्षमतामा तात्विक अन्तर नभएको पाइन्छ । गणना गरिएको 'z'

को मान ०.०७ भन्दा तालिकामा अङ्कित 'z' को मान १.५७ ले बढी भएकाले छात्र र छात्रा विद्यार्थीहरूको पठनबोध क्षमतामा सार्थक अन्तर छैन भन्ने प्राक्कल्पना सत्य सावित भएको छ ।

**५.१.३ भाषिक पृष्ठभूमिका आधारमा नेपाली मातृभाषी र नेपाली दोस्रोभाषीबीच तुलनाः**

| समूह | सङ्ख्या | मध्यमान | समग्र मध्यमान | मानक विचलन | समग्र मानक विचलन | Z मान |
|---|---|---|---|---|---|---|
| नेपाली मातृभाषी | ५३ | ७३.४४ | ७१.१४ | १५.२७ | १५.०२ | २.०० |
| नेपाली दोस्रो भाषी | ३७ | ६६.४७ | | १६.९१ | | |

भाषिक पृष्ठभूमिका दृष्टिले हेर्दा कूल विद्यार्थी सङ्ख्या ९० मध्ये ५३ जना नेपाली मातृभाषी विद्यार्थीहरू र ३७ जना दोस्रोभाषी विद्यार्थीहरू रहेको पाइन्छ । प्रस्तुत तालिकामा समग्र मध्यमान ७१.१४ र समग्र मानक विचलन १५.०२ रहेको देखिन्छ । यसैगरी नेपाली मातृभाषी विद्यार्थीहरूको मध्यमान ७३.१४ र नेपाली दोस्रोभाषी विद्यार्थीहरूको मध्यमान ६६.४७ रहेको पाइन्छ ।

समग्र मध्यमान ७१.१४ लाई आधार मानी नेपाली मातृभाषी विद्यार्थीहरू र नेपाली विमातृभाषी विद्यार्थीहरूको तुलनात्मक विश्लेषण गर्दा नेपाली दोस्रोभाषी विद्यार्थीहरूको पठनबोध क्षमता कमजोर देखिन्छ । समग्र मध्यमान ७१.१४ भन्दा नेपाली दोस्रो भाषी विद्यार्थीहरूको मध्यमान ४.६७ ले कम भएकाले उक्त कुराको पुष्टि हुन्छ । त्यसैगरी नेपाली मातृभाषी विद्यार्थीहरूको मध्यमान समग्र मध्यमानभन्दा बढी देखिएकाले नेपाली मातृभाषी विद्यार्थीहरूको पठनबोध क्षमता सन्तोषजनक रहेको पाइन्छ । समग्र मध्यमानभन्दा नेपाली मातृभाषीहरूको मध्यमान २.३ ले बढी रहनाले उक्त कुराको प्रमाणित हुन्छ । यसरी भाषिक पृष्ठभूमिका दृष्टिले नेपाली मातृभाषी विद्यार्थी र नेपाली दोस्रोभाषी विद्यार्थीहरूको तुलनात्मक विश्लेषण गर्दा समग्र

मध्यमानभन्दा नेपाली मातृभाषी विद्यार्थीहरूको मध्यमान २.३ ले बढी देखिनुले तुलनात्मक रूपमा नेपाली दोस्रोभाषी विद्यार्थीहरूभन्दा नेपाली मातृभाषी विद्यार्थीहरूको पठनबोध क्षमता माथि रहेको देखिन्छ ।

उपर्युक्त तालिकामा मानक विचलनलाई हेर्दा समग्र मानक विचलनभन्दा नेपाली मातृभाषी विद्यार्थीहरूको मानक विचलन ०.२५ ले बढी रहेको र नेपाली दोस्रोभाषी विद्यार्थीहरूको मानक विचलन समग्र मानक विचलनभन्दा १.८९ ले बढी देखिनुले नेपाली दोस्रो भाषी विद्यार्थीहरूको प्राप्ताङ्क बढी विचलित देखिन्छ । यसरी उक्त दुई समूहको तुलनात्मक विश्लेषण गर्दा नेपाली दोस्रोभाषी विद्यार्थीहरूको तुलनामा नेपाली मातृभाषी विद्यार्थीहरूको प्राप्ताङ्कमा एकरूपताको मात्रा बढी भएकाले नेपाली दोस्रोभाषी विद्यार्थीहरूको तुलनामा नेपाली मातृभाषीको पठनबोध क्षमता बढी सन्तोषजनक रहेको पाइन्छ । यस समूहको अन्तर केलाउन 'z' को मान ०.०५ सार्थकताको तहमा हेर्दा 'z' मान २.०० रहेकोले उक्त समूहका विद्यार्थीहरूको पठनबोध क्षमतामा अन्तर देखिन्छ । गणना गरिएको 'z' को मान २.०० भन्दा तालिकामा अङ्कित 'z' को मान ०.३५ कमी भएकाले नेपाली मातृभाषी विद्यार्थीहरू र नेपाली दोस्रो भाषी विद्यार्थीहरूको पठनबोध क्षमतामा सार्थक अन्तर छैन भन्ने प्राक्कल्पना गलत सावित भएको छ ।

### ५.१.४ विद्यालयको प्रकृतिका आधारमा पठनबोध क्षमता निजी र सार्वजनिक विद्यालयबीच तुलनाः

| समूह | सङ्ख्या | मध्यमान | समग्र मध्यमान | मानक विचलन | समग्र मानक विचलन | Z मान |
|---|---|---|---|---|---|---|
| निजी | ४५ | ७२.०६ | ७१.१४ | १४.६० | १५.०२ | ४.०१ |
| सार्वजनिक | ४५ | ७०.२१ | | १५.३५ | | |

उपर्युक्त तालिकामा कुल विद्यार्थी सङ्ख्या ९० मध्ये ४५ जना निजी विद्यालयका र ४५ जना सार्वजनिक विद्यालयका विद्यार्थीहरू समावेश छन् । उक्त दुवै

समूहको समग्र मध्यमान ७१.१४ रहेको छ भने निजी विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमताको मध्यमान ७२.०६ र सार्वजनिक विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमताको मध्यमान ७०.२१ रहेको पाइन्छ । यसरी समग्र मानक विचलनका आधारमा निजी र सार्वजनिक विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमताको तुलनात्मक विश्लेषण गर्दा निजी विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमता बढी रहेको पाइन्छ भने सार्वजनिक विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमता समग्र मध्यमानभन्दा कम रहेकाले सार्वजनिक विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमता कमजोर रहेको पाइन्छ । यसरी समग्र मध्यमानका आधारमा सार्वजनिक विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमताभन्दा निजी विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमता उच्च रहेको पाइन्छ । निजी विद्यालयका पठनबोध क्षमता सार्वजनिक विद्यालयको पठनबोध क्षमता १.८५ ले बढी रहनुले उक्त कुराको पुष्टि हुन्छ ।

समूहगत रूपमा यस समूहका विद्यार्थीहरूको मानक विचलनलाई हेर्दा समग्र मानक विचलनभन्दा सार्वजनिक विद्यालयतर्फको मानक विचलन ०.३३ ले बढी र निजी विद्यालयतर्फको मानक विचलन समग्र मानक विचलनभन्दा ०.४२ ले तल रहेकाले निजी विद्यालयका विद्यार्थीहरूको प्राप्ताङ्क बढी विचलित भएको देखिन्छ । यी दुई समूहबीचको सार्थक अन्तर केलाउँदा गणना गरिएका 'z' को मान ४.०१ भन्दा तालिकामा अङ्कित 'z' को मान २.३६ कमी भएकाले निजी र सार्वजनिक विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमतामा सार्थक अन्तर छैन भन्न प्राक्कल्पना गलत सावित भएको प्रमाणित हुन्छ ।

### ५.१.४.१ पठनबोध क्षमतामा जातीयताका आधारमा बाहुन/क्षत्री र गुरुङ्ग जाति विद्यार्थीबीच तुलनाः

| समूह | सङ्ख्या | मध्यमान | समग्र मध्यमान | मानक विचलन | समग्र मानक विचलन | Z मान |
|---|---|---|---|---|---|---|
| बाहुन क्षत्री | ५० | ७४.७८ | ७१.१४ | १३.८३ | १५.०२ | २.९७ |
| गुरुङ्ग | २४ | ६३.०३ | | १६.८२ | | |

माथिको तालिकामा जातीय आधारमा बाहुन/क्षत्री जाति विद्यार्थीहरूको सङ्ख्या ५० र गुरुङ्ग विद्यार्थीहरूको सङ्ख्या २४ जना रहेको पाइन्छ । उक्त तालिकामा समग्र मध्यमान ७१.१४ लाई आधार मानी हेर्दा बाहुन/क्षत्री जातिको मध्यमान ३.६४ ले बढी देखिएकाले बाहुन/क्षत्री जातिका विद्यार्थीहरूको पठनबोध क्षमता उच्च रहेको पाइन्छ । यसैगरी समग्र मध्यमान ७१.१४ का आधारमा हेर्दा गुरुङ्ग जातिको मध्यमान ८.११ ले तल रहेकाले गुरुङ्ग जातिका विद्यार्थीहरूको पठनबोध क्षमता कमजोर रहेको पाइन्छ ।

समग्र मानक विचलनका आधारमा बाहुन/क्षत्री जातिको मानक विचलन कम र गुरुङ्ग जातिको मानक विचलन बढी देखिन्छ । समग्र मानक विचलनका आधारमा बाहुन/क्षत्र र गुरुङ्ग जातिको तुलनात्मक विश्लेषण गर्नुपर्दा बाहुन/क्षत्री जातिको मानक विचलन १.१९ ले कम विचलित र गुरुङ्ग जातिको मानक विचलन १.८ ले बढी विचलित देखिएकाले बाहुन/क्षत्री जातिको प्राप्ताङ्कमा एकरूपताको मात्रा बढी देखिन्छ भने गुरुङ्ग जातिका विद्यार्थीको प्राप्ताङ्कमा एकरूपताको मात्रा कम देखिन्छ । यस अध्ययनमा उक्त दुई समूहबीचको अन्तर छ कि छैन भनेर केलाउँन 'z' को मान ०.०५ सार्थकताको तहमा हेर्दा दुई समूह वीचको पठनबोध क्षमतामा सार्थक अन्तर देखिन्छ । गणना गरिएको 'z' को मान २.९७ भन्दा तालिकामा अङ्कित 'z' को मान १.३२ ले कमी देखिएकाले जातीय आधारमा समग्र विद्यार्थीहरूको पठनबोध क्षमतामा सार्थक अन्तर छैन भन्ने प्राक्कल्पना गलत प्रमाणित भएको छ ।

### ५.१.४.२ पठनबोध क्षमतामा जातीयताका आधारमा बाहुन/क्षत्री र नेवार विद्यार्थीवीच तुलनाः

| समूह | सङ्ख्या | मध्यमान | समग्र मध्यमान | मानक विचलन | समग्र मानक विचलन | Z मान |
|---|---|---|---|---|---|---|
| बाहुन क्षत्री | ५० | ७४.७८ | ७१.१४ | १३.८३ | १५.०२ | ०.४२ |
| नेवार | १२ | ७२.५० | | १७.६३ | | |

माथिको तालिकामा जातीय आधारमा बाहुन/क्षत्री विद्यार्थीहरूको सङ्ख्या ५० जना र नेवार जाति विद्यार्थीहरूको सङ्ख्या १२ जना रहेको पाइन्छ । उपर्युक्त तालिकामा समग्र मध्यमान ७१.१४ रहेको देखिन्छ । जातीय आधारमा बाहुन/क्षत्रीको मध्यमान ७४.७८ र नेवार जातिको मध्यमान ७२.५० रहेको पाइन्छ । उक्त दुवै समूहको मध्यमान समग्र मध्यमानभन्दा उच्च रहेको देखिन्छ । समग्र मध्यमानका आधारमा बाहुन/क्षत्री र नेवार जातिका विद्यार्थीहरूको तुलनात्मक विश्लेषण गर्दा समग्र मध्यमानभन्दा बाहुन/क्षत्रीको मध्यमान ३.६४ ले बढी रहेको पाइन्छ । त्यसैगरी समग्र मध्यमानभन्दा नेवार जातिको मध्यमान १.३६ ले बढी देखिएको छ । उक्त तथ्याङ्कको आधारमा बाहुन/क्षत्री र नेवार जातिको पठनबोध क्षमता उच्च रहेको पाइन्छ । यसका साथै नेवार जातिको मध्यमान भन्दा बाहुन/क्षत्री जातिको मध्यमान २.२८ ले बढी रहेकाले नेवार जातिको तुलनामा बाहुन/क्षत्री जातिको पठनबोध क्षमता उच्च रहेको पाइन्छ ।

मानक विचलनका आधारमा समग्र मानक विचलनभन्दा बाहुन क्षत्रीको मानक विचलन १.१९ ले कम विचलित देखिन्छ । यसैगरी समग्र मानक विचलनका आधारमा नेवार जातिको मानक विचलन २.६१ ले बढी विचलित भएको देखिन्छ । यस आधारमा नेवार जातिका विद्यार्थीहरूको प्राप्ताङ्कभन्दा बाहुन/क्षत्री जातिको प्राप्ताङ्कको वितरण कम विचलित भएको पाइन्छ । यसरी नेवार जातिका विद्यार्थीहरूको प्राप्ताङ्कमा भन्दा बाहुन/क्षत्री जातिका विद्यार्थीहरूको प्राप्ताङ्कमा बढी एकरूपता पाइन्छ । यस अध्ययनलाई बढी वस्तुगत रूपमा पहिचान गर्न ०.०५ सार्थकताको तहमा हेर्दा उक्त दुई समूहका विद्यार्थीहरूको पठनबोध क्षमतामा सार्थक अन्तर भेटिन्छ । गणना गरिएको 'z' को मान ०.४२ भन्दा तालिकामा अङ्कित 'z' को मान १.२२ ले बढी भएकाले जातीय आधारमा समग्र विद्यार्थीहरूको पठनबोध क्षमतामा सार्थक अन्तर छैन भन्ने प्राक्कल्पना सत्य सावित भएको छ ।

**५.१.४.३ पठनबोध क्षमतामा जातीयताका आधारमा गुरुङ्ग र नेवार विद्यार्थीबीच तुलना:**

| समूह | सङ्ख्या | मध्यमान | समग्र मध्यमान | मानक विचलन | समग्र मानक विचलन | Z मान |
|---|---|---|---|---|---|---|
| गुरुङ्ग | २४ | ६३.०३ | ७१.१४ | १६.८२ | १५.०२ | १.५४ |
| नेवार | १२ | ७२.५० | | १७.६३ | | |

प्रस्तुत तालिकामा कूल विद्यार्थी सङ्ख्या मध्ये २४ जना गुरुङ्ग र १२ जना नेवार जातका विद्यार्थी रहेको पाइन्छ । उक्त तालिकामा सम्पूर्ण जाति विद्यार्थीहरूको समग्र मध्यमान ७१.१४ देखिन्छ । समूहगत रूपमा नेवार जातिका विद्यार्थीहरूको मध्यमान ७२.५० र गुरुङ्ग जातिका विद्यार्थीहरूको मध्यमान ६३.०३ रहेको पाइन्छ । समग्र मध्यमानका आधारमा उक्त दुवै समूहको समूहगत मध्यमानलाई हेर्दा नेवार जातिका विद्यार्थीहरूको मध्यमान १.३६ ले बढी रहेको छ भने समग्र मधयमानका तुलनाममा गुरुङ्ग जातिका विद्यार्थीहरूको मध्यमान ८.११ ले तल रहेको पाइन्छ । माथिको तथ्याङ्कलाई आधार मानी नेवार र गुरुङ्ग जातिका विद्यार्थीहरूको पठनबोध क्षमताको तुलनात्मक विश्लेषण गर्दा गुरुङ्ग जातिको तुलनामा नेवार जातिको पठनबोध क्षमता धेरै उच्च रहेको कुरा स्पष्ट हुन्छ ।

समूहगत रूपमा यस समूहका विद्यार्थीहरूको मानक विचलनलाई हेर्दा समग्र मानक विचलनभन्दा गुरुङ्ग जातिको मानक विचलन १.८ ले बढी र नेवार जातिको मानक विचलन २.६१ ले बढी देखिन्छ । यसरी नेवार जातिको विद्यार्थीहरूको प्राप्ताङ्कको वितरणमाभन्दा गुरुङ्ग जातिका विद्यार्थीहरूको प्राप्ताङ्क वितरणमा बढी एकरूपताको अवस्था देखिन्छ । यी दुई समूहबीचको सार्थक अन्तरलाई केलाउँदा गणना गरिएको 'z' को मान १.५४ भन्दा 'z' तालिकामा अङ्कित 'z' को मान ०.१० ले बढी भएकाले जातीयताका आधारमा समग्र विद्यार्थीहरूको पठनबोध क्षमतामा सार्थक अन्तर छैन भन्ने प्राक्कल्पना सत्य सावित प्रमाणित भएको छ ।

अध्याय ६

# निष्कर्ष तथा सुझाव

## ६.१ निष्कर्ष

लमजुङ जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमतासम्बन्धी यस अध्ययनबाट निम्नलिखित निष्कर्षहरू निकाल्न सकिन्छः

१.१ समग्र विद्यार्थीहरूको पठनबोध क्षमताको प्रतिशत गणना गर्दा ४०.०० प्रतिशत विद्यार्थी ८० प्रतिशतभन्दा माथि पठनबोध क्षमता भएकाले समग्र विद्यार्थीहरूको पठनबोध क्षमता उच्च रहेको पाइन्छ ।

१.२ समग्र विद्यार्थीहरूको समग्र मध्यमानका आधारमा पठनबोध क्षमताको मापन गर्दा मध्यमानभन्दा माथि २.२३ प्रतिशत बढी विद्यार्थीहरू देखिएकाले विद्यार्थीहरूको पठनबोध क्षमता उच्च रहेको पाइन्छ ।

१.३ समग्र विद्यार्थीहरूको दृष्टांश पठनबोध क्षमताको प्रतिशत स्थिति गणना गर्दा ५६.६७ प्रतिशत विद्यार्थीहरूको पठनबोध क्षमता ८० प्रतिशतभन्दा बढी देखिनुले समग्र विद्यार्थीहरूको दृष्टांश पठनबोध क्षमता उच्च रहेको पाइन्छ ।

१.४ समग्र विद्यार्थीहरूको अदृष्टांश पठनबोध क्षमताको प्रतिशताङ्क स्थिति गणना गर्दा १७.७८ प्रतिशत विद्यार्थीहरूको पठनबोध क्षमता ८० प्रतिशत भन्दा बढी देखिनुले समग्र विद्यार्थीहरूको अदृष्टांश पठनबोध क्षमता कमजोर रहेको पाइन्छ ।

१.५ समग्र विद्यार्थीहरूको दृष्टांश र अदृष्टांश पठनबोध क्षमताको स्थितिलाई तुलनात्मक रूपमा विश्लेषण गर्दा दृष्टांश पठनबोध क्षमताको मध्यमान ३८.३० अदृष्टांश पठनबोध क्षमताको मध्यमान ३२.७७ देखिनु अर्थात् अदृष्टांश पठनबोध क्षमताको तुलनामा दृष्टांश पठनबोध क्षमताको मध्यमान ५.५३ ले बढी देखिनुले विद्यार्थीहरूको समग्र दृष्टांश पठनबोध क्षमताभन्दा समग्र अदृष्टांश पठनबोध क्षमता कमजोर रहेको पाइन्छ ।

१.६ स्थानीयताका दृष्टिले समग्र पठनबोध क्षमताको मध्यमानलाई आधार मानी हेर्दा गाउँतर्फका ३०.२३ प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा माथि र ६९.७७ प्रतिशत विद्यार्थीहरू मध्यमाानभन्दा तल रहेको देखिनुले गाउँतर्फका विद्यार्थीहरूको पठनबोध क्षमता कमजोर रहेको पाइन्छ । यसैगरी सहरतर्फका ६३.८२ प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा माथि र ३६.१८ प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा तल रहनुले सहरतर्फका विद्यार्थीहरूको समग्र पठनबोध क्षमता उच्च रहेको पाइन्छ ।

१.७ समग्र विद्यार्थीहरूको पठनबोध क्षमताको मध्यमाानका आधारमा हेर्दा छात्र विद्यार्थीहरूको पठनबोध क्षमता मध्यमानभन्दा माथि ५५.५६ र मध्यमानभन्दा तल ४४.४४ प्रतिशत विद्यार्थीहरू रहनाले छात्रहरूको पठनबोध क्षमता उच्च रहेको पाइन्छ । यसैगरी छात्रातर्फ मध्यमानभन्दा माथि ४४.४५ विद्यार्थीहरू र मध्यमान तल ५५.५६ प्रतिशत विद्यार्थी रहेकाले छात्राहरूको पठनबोध क्षमता कमजोर रहेको पाइन्छ ।

१.८ समग्र मध्यमानका आधारमा नेपाली दोस्रोभाषी विद्यार्थीहरूभन्दा नेपाली मातृभाषी विद्यार्थीहरूको पठनबोध क्षमता उच्च रहेको पाइन्छ । नेपाली दोस्रोभाषी तर्फ मध्यमानभन्दा माथि ३५.१३ प्रतिशत र मध्यमानभन्दा तल ६४.८७ प्रतिशत विद्यार्थी रहेको, त्यसै गरी नेपाली मातृभाषीतर्फ ६०.३७ प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा माथि र ३९.६३ प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा तल रहनुले उक्त कुराको पुष्टि गर्दछ ।

१.९ विद्यालयको प्रकृतिका आधारमा निजी विद्यालयतर्फ ५३.३३ प्रतिशत विद्यार्थी मध्यमानभन्दा माथि र ४६.६७ प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा तल रहेकाले निजी विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमता उच्च रहेको पाइन्छ । यसैगरी सार्वजनिक विद्यालयतर्फका ४०.०० प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा माथि र ६०.०० प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा तलरहेकाले

सार्वजनिक विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमता कमजोर रहेको देखिन्छ ।

१.१० जातीय दृष्टिकोणले समग्र मध्यमानका आधारमा विद्यार्थीहरूको पठनबोध क्षमता हेर्दा बाहुन/क्षत्री जाति विद्यार्थीहरूको पठनबोध क्षमता सबैभन्दा उच्च रहेको पाइन्छ भने नेवार, गुरुङ्ग जातिका विद्यार्थीहरूको पठनबोध क्षमता क्रमशः कम हुँदै गएको देखिन्छ । यसै गरी तामाङ र दुरा जाति विद्यार्थीलाई तालिकामा अन्य जातिअन्तर्गत राखिएको छ । उक्त जातिका विद्यार्थीहरूको पठनबोध क्षमता सन्तोषजनक नै रहेको पाइन्छ ।

१.११ समग्र दृष्टांश मध्यमानका आधारमा विद्यार्थीहरूको दृष्टांश पठनबोध क्षमतालाई स्थानीयताका दृष्टिले हेर्दा गाउँतर्फका बहुप्रतिशत विद्यार्थी मध्यमानभन्दा तल र अल्पप्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा माथि रहेकाले गाउँतर्फका विद्यार्थीहरूको पठनबोध क्षमता कमजोर रहेको पाइन्छ । यसैगरी सहरतर्फका बहुप्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा माथि र अल्पप्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा तल देखिएकाले सहर तर्फका विद्यार्थीहरूको पठनबोध क्षमता उच्च रहेको पाइन्छ ।

१.१२ समग्र दृष्टांश मध्यमानका आधारमा छात्र र छात्रा विद्यार्थीहरूको पठनबोध क्षमतालाई हेर्दा छात्र विद्यार्थीहरूको पठनबोध क्षमता उच्च र छात्रा विद्यार्थीहरूको पठनबोध क्षमता सन्तोषजनक रहेको पाउन सकिन्छ । ६२.२२ प्रतिशत छात्र मध्यमानभन्दा माथि र ३७.७८ प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा तल रहनु र ५१.११ प्रतिशत छात्रा मध्यमानभन्दा माथि र ४८.८९ प्रतिशत विद्यार्थी मध्यमानभन्दा तल रहनुले उक्त कुराको पुष्टि गर्दछ ।

१.१३ भाषिक पृष्ठभूमिका दृष्टिले विद्यार्थीहरूको दृष्टांश पठनबोध क्षमतालाई समग्र दृष्टांश मध्यमानका आधारमा हेर्दा ६७.९२ प्रतिशत नेपाली मातृभाषि विद्यार्थीहरू मध्यमानभन्दा माथि र ३२.०८ प्रतिशत विद्यार्थी मध्यमानभन्दा तल

रहेकाले नेपाली मातृभाषी विद्यार्थीहरूको पठनबोध क्षमता उच्च रहेको पाइन्छ भने नेपाली दोस्रोभाषी विद्यार्थीहरूमा ४०.५४ प्रतिशत विद्यार्थी मध्यमानभन्दा माथि र ५९.४६ प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा तल रहेकाले नेपाली दोस्रो भाषी विद्यार्थीहरूको पठनबोध क्षमता कमजोर रहेको पाइन्छ ।

१.१४ विद्यालयको प्रकृतिका आधारमा निजी र सार्वजनिक विद्यालयतर्फका विद्यार्थीहरूको दृष्टांश पठनबोध क्षमतालाई समग्र दृष्टांश मध्यमानका आधारमा विश्लेषण गर्दा निजी विद्यालयतर्फका ५५.५६ प्रतिशत विद्यार्थी मध्यमानभन्दा माथि र ४४.४४ प्रतिशत विद्यार्थी मध्यमानभन्दा तल रहेकाले निजी विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमता सन्तोषजनक रहेको पाइन्छ । त्यसै गरी सार्वजनिक विद्यालयतर्फका ५७.७८ प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा माथि र ४२.२२ प्रतिशत विद्यार्थहरू मध्यमानभन्दा तल रहेकाले सार्वजनिक विद्यालयतर्फका विद्यार्थीहरूको पठनबोध क्षमता उच्च रहेको पाइन्छ ।

१.१५ जातीय दृष्टिले समग्र दृष्टांश मध्यमानका आधारमा हेर्दा बाहुन/क्षत्री जातिको पठनबोध क्षमता सबैभन्दा उच्च रहेको पाइन्छ भने नेवार गुरुङ्ग जातिका विद्यार्थीहरूको पठनबोध क्षमता क्रमशः कम रहेको देखिन्छ । मध्यमानभन्दा माथि क्रमशः ७०.००, ५८.३३, २९.१६ प्रतिशत र मध्यमानभन्दा तल क्रमशः ३०.००, ४१.६७, ७०.८९ प्रतिशत विद्यार्थी रहेकाले उक्त कुराको पुष्टि गर्दछ । यसैगरी अन्य जाति अन्तर्गत तामाङ र दुरा गरी जम्मा ४ जना रहेको पाइन्छ । यस समूहका विद्यार्थीहरूको प्रतिशतलाई हेर्दा ५०.०० प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा माथि र ५०.०० प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा तल रहेकाले अन्य जातिका विद्यार्थीहरूको पठनबोध क्षमता सन्तोषजनक रहेको पाइन्छ ।

१.१६ समग्र अदृष्टांश मध्यमान ३२.७७ को आधारमा गाउँ तथा सहरका विद्यार्थीहरूको पठनबोध क्षमतालाई हेर्दा गाउँतर्फका अदृष्टांश पठनबोध क्षमता कमजोर रहेको पाइन्छ । गाउँतर्फका बहुसङ्ख्यक विद्यार्थीहरूको पठनबोध क्षमता मध्यमानभन्दा तल र सहरतर्फका बहुसङ्ख्यक विद्यार्थीहरूको पठनबोध क्षमता मध्यमानभन्दा माथि रहनुले उक्त कुराको पुष्टि गर्दछ ।

१.१७ लैङ्गिक दृष्टिले छात्र र छात्रा विद्यार्थीहरूको अदृष्टा.श पठनबोध क्षमतालाई समग्र अदृष्टांश मध्यमानका आधारमा हेर्दा छात्र र छात्रा विद्यार्थीहरूको अदृष्टा.श पठनबोध क्षमता समान रहेको पाइन्छ । छात्रहरूको मध्यमानभन्दा माथि ५३.३३ र मध्यमानभन्दा तल ४६.६७ प्रतिशत र छात्रातर्फ पनि मध्यमानभन्दा माथि ५३.३३ र मध्यमानभन्दा तल ४६.६७ प्रतिशत विद्यार्थी रहेकाले उक्त कुराको पुष्टि गर्दछ ।

१.१८ समग्र अदृष्टांश मध्यमानका आधारमा नेपाली मातृभाषी विद्यार्थीहरूको पठनबोध क्षमता र नेपाली दोस्रोभाषी विद्यार्थीहरूको पठनबोध क्षमताको विश्लेषण गर्दा नेपाली मातृभाषी विद्यार्थीहरूको तुलनामा नेपाली दोस्रो भाषी विद्यार्थीहरूको पठनबोध क्षमता कमजोर रहेको पाइन्छ । बहुसङ्ख्यक नेपाली मातृभाषी मध्यमानभन्दा माथि र बहुसङ्ख्यक नेपाली दोस्रोभाषी मध्यमानभन्दा तल रहनुले उक्त कुराको पुष्टि हुन्छ ।

१.१९ विद्यालयको प्रकृतिका आधारमा निजी तथा सार्वजनिक विद्यालयका विद्यार्थीहरूको अदृष्टांश पठनबोध क्षमताको विश्लेषण समग्र मध्यमानका आधारमा गर्दा निजी विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमता उच्च रहेको पाइन्छ । भने सार्वजनिक विद्यालयका विद्यार्थीहरूको अदृष्टांश पठनबोध क्षमता सन्तोषजनक नै रहेको पाइन्छ । निजी विद्यालयका ६०.०० प्रतिशत विद्यार्थीहरू समग्र मध्यमानभन्दा माथि र सार्वजनिक विद्यालयका ४८.८८ प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा माथि रहनुले उक्त कुराको पुष्टि गर्दछ ।

१.२० जातीयताका दृष्टिले समग्र अदृष्टांश मध्यमानका आधारमा विभिन्न जातका विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन गर्दा बाहुन/क्षत्री, नेवार र गुरुङ्ग जातिको मध्यमानभन्दा माथिको पठनबोध क्षमताको प्रतिशत क्रमशः ६६.००, ५०.००, ३३.३३ रहेको देखिन्छ । यस आधारमा बाहुन/क्षत्री जातिको पठनबोध क्षमता सबैभन्दा उच्च देखिन्छ । यसैगरी नेवार र गुरुङ्ग जातिको पठनबोध क्षमता क्रमशः कम हुँदै गएको पाइन्छ । अन्य जातिमा तामाङ र दुरा जातिको पठनबोध क्षमता मध्यमानभन्दा माथि र मध्यमान भन्दा तल बराबर देखिएकाले उक्त विद्यार्थीहरूको पठनबोध क्षमता सन्तोषजनक रहेको पाइन्छ ।

१.२१ पाठ्य उद्धरणका आधारमा हेर्दा दृष्टांश पठनबोध क्षमता र अदृष्टांश पठनबोध क्षमतामा सार्थक अन्तर भएको पाइन्छ । 'z' को मान ०.०५ सार्थक तहभन्दा बढी हुनुले यो तथ्य पुष्टि गर्दछ । विद्यार्थीहरूको दृष्टांश पठनबोध क्षमताभन्दा अदृष्टांश पठनबोध क्षमता कमजोर देखिन्छ ।

१.२२ समग्र पठनबोध क्षमतामा स्थानीयताका आधारमा गाउँ र सहरका विद्यार्थीहरूको पठनबोध क्षमतामा सार्थक अन्तर पाइन्छ । 'z' मान ०.०५ सार्थक तहभन्दा माथि हुनुले उक्त तथ्यको पुष्टि हुन्छ ।

१.२३ समग्र पठनबोध लैङ्गिक आधारमा हेर्दा छात्र र छात्राहरूबीच पठनबोध क्षमतामा सार्थक अन्तर पाइँदैन । 'z' मान ०.०५ सार्थक तहभन्दा तल हुनुले उक्त तथ्यको पुष्टि हुन्छ ।

१.२४ समग्र पठनबोध क्षमतामा भाषिक पृष्ठभूमिका आधारमा हेर्दा नेपाली मातृभाषी र नेपाली दोस्रोभाषी विद्यार्थीबीच पठनबोध क्षमतामा सार्थक अन्तर पाइन्छ । 'z' मान ०.०५ सार्थक तहभन्दा बढी हुनुले यो तथ्यको पुष्टि हुन्छ ।

१.२५ समग्र पठनबोध क्षमतामा विद्यालयको प्रकृतिको आधारमा हेर्दा निजी र सार्वजनिक विद्यालयबीच पठनबोध क्षमतामा सार्थक अन्तर पाइन्छ । 'z' मान ०.०५ सार्थक तहभन्दा माथि हुनुले उक्त तथ्यको पुष्टि हुन्छ ।

### ६.२ सुझावहरू :

'लमजुङ जिल्लाका कक्षा आठमा अधययनरत विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन' शीर्षकमा गरिएको शोध अध्ययन र विश्लेषणबाट प्राप्त निष्कर्षका आधारमा निम्नअनुसार सुझावहरू उल्लेख गर्न सकिन्छ ।

१. पठनबोध क्षमता भाषिक क्षमता विकासको लागि अनिवार्य पक्ष भएको हुनाले कक्षा शिक्षणमा पठनबोध सम्बन्धी कृयाकलाप समावेश गर्नुपर्छ ।

२. विद्यार्थीहरूमा पठनबोध क्षमता अभिवृद्धि गर्नका लागि सबै तहका पाठ्यक्रम तथा पाठ्यपुस्तकहरू सोही तहका विद्यार्थीहरूको आवश्यकता, रुचि, क्षमता तथा बौद्धिक स्तरका आधारमा निर्माण गर्नुपर्ने जरुरी देखिन्छ ।

३. विद्यार्थीहरूको दृष्टांश र अदृष्टांश पठनबोध क्षमताको तुलनात्मक विश्लेषण गर्दा विद्यार्थीहरूको अदृष्टांश पठनबोध क्षमता कमजोर रहेको पाइन्छ । अतः विद्यार्थीहरूमा अदृष्टांश पठनबोध क्षमता अभिवृद्धिका लागि स्वाध्यायन गर्ने बानी गराउनुका साथै विद्यालयमा पनि विभिन्न पत्रपत्रिकाहरू तथा सन्दर्भपुस्तकहरू उपलब्ध गराई पढ्ने बानीको विकास गराउनुपर्ने देखिन्छ ।

४. विद्यार्थीहरूको पठनबोध क्षमताको तुलनात्मक अध्ययन गर्दा गाउँतर्फका विद्यार्थीहरूको पठनबोध क्षमता अति कमजोर रहेको पाइन्छ । अतः गाउँ गाउँमा रेडियो, टेलिभिजन, पत्रपत्रिकाहरू आदि जस्ता सञ्चारका माध्यमले विशेष शिक्षा दिने व्यवस्था गर्नुपर्ने देखिन्छ ।

५. प्रस्तुत अध्ययनबाट नेपाली मातृभाषी विद्यार्थीहरू र नेपाली दोस्रोभाषी विद्यार्थीहरूको तुलनात्मक अध्ययन गर्दा नेपाली दोस्रोभाषी विद्यार्थीहरूको पठनबोध क्षमता निकै कमजोर रहेको पाइन्छ । अतः दोस्रोभाषी विद्यार्थीहरूलाई पनि मातृभाषी विद्यार्थी सरह बनाउन घर तथा विद्यालयमा उनीहरूको मातृभाषा बोल्न नदिने तथा उनीहरूलाई नेपाली भाषाप्रतिको नकारात्मक धारणा हटाउने वातावरण सृजना गर्नुपर्ने देखिन्छ ।

६. विद्यालयको प्रकृतिका आधारमा निजी तथा सार्वजनिक विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमताको तुलनात्मक अध्ययन गर्दा सार्वजनिक विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमता कमजोर रहेको देखिन्छ । अतः सार्वजनिक विद्यालयहरूमा पनि नियमित पठनपाठनको व्यवस्था, विभिन्न सन्दर्भसामग्री तथा पत्रपत्रिकाको व्यवस्था गर्नुपर्ने देखिन्छ ।

७. लैङ्गिक दृष्टिकोणले प्रस्तुत शोध अध्ययनमा छात्र र छात्राको पठनबोध क्षमताको तुलनात्मक विश्लेषण गर्दा दुवै स्तरमा तात्विक अन्तर नभएको देखिन्छ । अतः ग्रामीण क्षेत्रका छात्राहरूप्रति आत्मबल एवम् उत्साह बढाउने तरिकाले पढाइ प्रति जागरुक गर्नुपर्ने देखिन्छ । यसो गरेमा पिछडिएका र परम्परागत सोचले ग्रस्त भएर अघि बढ्न नसकेका छात्राहरूको क्षमता अभिवृद्धिमा टेवा प्राप्त हुने देखिन्छ ।

८. नेपाली विषयप्रति नकारात्मक धारणा बनाई जुनसुकै विषयशिक्षक तथा तालिम अप्राप्त शिक्षकद्वारा हुने पठनपाठन कृयाकलापको अन्त्य गर्नुपर्ने, साथै विषय शिक्षकलाई तालिम तथा पुनर्ताजकीय तालिमको व्यवस्था गर्नुपर्ने देखिन्छ ।

९. पाठ्यपुस्तकमा पठनबोधसम्बन्धी दिएको अभ्यासमा मात्र पठनबोधसम्बन्धी कृयाकलाप गराउने परिपाटीलाई हटाई प्रत्येक गद्य पाठ्यशीर्षकमा पठनबोध सम्बन्धी कार्यकलाप सञ्चालन गर्नुपर्ने देखिन्छ ।

१०. पठनबोध क्षमता विकासको लागि पाठ्यपुस्तकको पठनपाठन कृयाकलाप मात्र नभई विभिन्न पत्रपत्रिकाहरू, लेख रचना र सम्बन्धित क्षेत्रसँग मिल्दा कार्यकलापहरू कक्षामा गराउनुपर्ने देखिन्छ ।

## ६.३ भावी अध्ययनका लागि सम्भावित शीर्षकहरू

१. प्राथमिक तह उत्तीर्ण विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन ।

२. कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको श्रुतिबोध क्षमताको अध्ययन ।

३. निजी तथा सार्वजनिक विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमताको तुलनात्मक अध्ययन ।

४. कक्षा नौको भाषापाठ्यपुस्तकको बोधगम्यतासम्बन्धी अध्ययन ।

५. गाउँ तथा सहरका विद्यार्थीहरूको पठनबोध क्षमताको तुलनात्मक अध्ययन ।

६. कक्षा आठको भाषापाठ्यपुस्तकको बोधगम्यता सम्बन्धी अध्ययन ।

७. उमेरगत आधारमा विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन ।

८. विद्यार्थीहरूको पत्रपत्रिका, लेख-रचना पठनबोध क्षमताको अध्ययन ।

९. पठनबोध क्षमता विकासका लागि शिक्षण कृयाकलापको भूमिका सम्बन्धी अध्ययन ।

१०. पठनबोध क्षमता विकासको लागि कक्षामा प्रयोग हुने शिक्षण विधिको अध्ययन ।

# सन्दर्भग्रन्थसूची


अधिकारी, हेमाङ्गराज (२०५३), भाषाशिक्षण : केही परिप्रेक्ष्य तथा पद्धति, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

__________ (२०५३), नेपाली भाषा शिक्षण, काठमाडौं : कुञ्जन प्रकाशन ।

__________ (२०५५ दो.सं.), समसामयिक नेपाली व्याकरण, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

__________ (२०५९), सामाजिक तथा प्रायोगिक भाषाविज्ञान, काठमाडौं : रत्नपुस्तक भण्डार ।

__________ र बद्रीविशाल भट्टराई (२०६१), प्रायोगिक नेपाली शब्दकोश, काठमाडौं : विद्यार्थी पुस्तक प्रकाशन प्रा.लि ।

__________ (२०६१), प्रारम्भिक नेपाली शिक्षण, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

__________ (२०५९), प्रायोगिक भाषाविज्ञान, काठमाडौं : एम.के. पब्लिशर्स एन्ड डिस्ट्रिव्युटर्स ।

अवस्थी, महादेव र पारसमणि भण्डारी (२०५९), सरल नेपाली व्याकरण र रचना ( कक्षा ९ र १०), काठमाडौं : एकता बुक्स ।

उपाध्याय, केशवप्रसाद (२०५९ छै.सं.), साहित्यप्रकाश, काठमाडौं : साझा प्रकाशन ।

उपाध्याय, गुरुप्रसाद (२०६०), कक्षा नौमा अध्ययनरत विद्यार्थीहरुको पठनबोध क्षमताको अध्ययन, स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

खनाल, पेशल (२०६१ दो.सं.), शैक्षिक अनुसन्धान पद्धति, काठमाडौं : स्टुडेन्ट बुक्स पब्लिशर्स ।

गौतम, रामप्रसाद (२०६१), भाषिक अनुसन्धन विधि, दीक्षान्त पुस्तक भण्डार, त्रि.वि., कीर्तिपुर ।

ज.ब.रा. स्वयंप्रकाश र अन्य (२०५८), शिक्षामा मापन र मूल्याङ्कन, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

ढुङ्गेल, भोजराज र दुर्गा दाहाल (२०५७), परिचयात्मक नेपाली भाषा शिक्षण, काठमाडौं : एम.के. पब्लिशर्स एन्ड डिस्ट्रिव्युटर्स ।

दाहाल, पेशल र सोमनाथ खतिवडा (२०५८), अनुसन्धान पद्धति, काठमाडौं, एम.के. पब्लिशर्स एन्ड डिस्ट्रिव्युटर्स ।

बन्धु, चूडामणि (२०५२), अनुसन्धान तथा प्रतिवेदन लेखन, काठमाडौं : रत्नपुस्तक भण्डार ।

भण्डारी, पारसमणि र माधव पौडेल (२०६१), साहित्यशास्त्र र नेपाली समालोचना, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

राई, शङ्करकुमार (२०३९), दसौं श्रेणीमा अध्ययनरत विद्यार्थीहरुको नेपाली भाषा मौन पठनबोध : एक अध्ययन ।

लंसाल, रामचन्द्र र अन्य (२०५७), नेपाली शिक्षक निर्देशिका (कक्षा दश), काठमाडौं : पा.वि.के., सानोठिमी, भक्तपुर ।

शर्मा, केदारप्रसाद र माधव पौडेल (२०६०), नेपाली भाषा र साहित्य शिक्षण, काठमाडौं : न्यु हिरा बुक्स ।

शाक्य, रेणुका (२०३९), पठनबोध : एक अध्ययन (सामाजिक कथा विधा, कक्षा आठ)

ज्ञवाली, कृष्णप्रसाद (२०६३), कक्षा दसमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन, स्नातकोत्तर शोधपत्र, त्रि.वि. कीर्तिपुर ।

**पत्रपत्रिकाहरू :**

सम्प्रेषण परिवार, सम्प्रेषण (वर्ष १, अङ्क १, २०६१) ने.भा.शि.वि., त्रि.वि., कीर्तिपुर ।

सम्प्रेषण परिवार, सम्प्रेषण (वर्ष २, अङ्क २, २०६२) ने.भा.शि.वि., त्रि.वि., कीर्तिपुर ।

सम्प्रेषण परिवार, सम्प्रेषण (वर्ष ३, अङ्क ३, २०६३) ने.भा.शि.वि., त्रि.वि., कीर्तिपुर ।

## परिशिष्ट 'क'

## अध्ययनका निमित्त प्रयोगमा ल्याइएका प्रश्नहरू

विद्यार्थीको नामः कक्षा :

विद्यालयको नामः रोल नं. :

### दृष्टांश

तलको अनुच्छेद पढी सोधिएका प्रश्नहरूको सङ्क्षिप्त उत्तर दिनुहोस् । २०

१. सामान्यतः पृथ्वीको गुरुत्वाकर्षणभन्दा बाहिरको क्षेत्रलाई अन्तरिक्ष भनिन्छ । अन्तरिक्षसम्म उडान गर्ने जुनसुकै यानलाई अन्तरिक्षयान भनिन्छ । यस्ता यानहरू खास गरी विभिन्न परीक्षणका लागि उडाइएका हुन्छन् । अन्तरिक्षयानहरूले वायुमण्डलदेखि परको अन्तरिक्षसम्मको जानकारी एकत्रित गरी पृथ्वीमा पठाउँछन् । कृत्रिम भू-उपग्रह मानवयुक्त यान र विभिन्न प्रोब सबै नै अन्तरिक्षयान मानिन्छन् । प्रोब पनि एक किसिमको यान हो, जसको रचना उडानको उद्देश्यलाई ध्यानमा राखेर गरिएको हुन्छ ।

अन्तरिक्षयानभित्र निश्चित तापक्रम, उपकरणहरूको सञ्चालनको व्यवस्था, पृथ्वीको नियन्त्रण केन्द्रसित गर्ने सञ्चार सम्पर्क र उडान नियन्त्रण तथा निर्देशन प्रणाली आदिको व्यवस्था गरिएको हुन्छ । मानिस वा अरू कुनै प्राणी यानभित्र सम्मिलित भएमा खास-क्रिया, उचित तापमान, वायुचाप र खानपान आदिको प्रबन्ध पनि गरिएको हुन्छ । अन्तरिक्ष पृथ्वीको गुरुत्वाकर्षण क्षेत्रबाहिर पर्ने भएकाले त्यहाँ विशेष तरिकाबाट खाना र पानी खुवाउने व्यवस्था गरिन्छ ।

प्रश्नहरूः

(क) अन्तरिक्ष र अन्तरिक्षायन भन्ने के बुझिन्छ ?

उत्तरः

(ख) अन्तरिक्षयान भित्र के के को व्यवस्था गरिएको हुन्छ ?

उत्तर :

(ग) मानिस वा अरू प्राणी भएको यानभित्र के-कस्तो प्रबन्ध गरिएको हुन्छ ?

उत्तरः

(घ) अन्वेषक र परीक्षण शब्दको अर्थ लेख ।

उत्तरः

(ङ) उपकरण र निर्देशन शब्दलाई वाक्यमा प्रयोग गर ।

उत्तरः

तल दिइएका विकल्पहरूमध्ये सर्वोत्कृष्ट उत्तरमा (√) चिन्ह लगाऊ । १०

१. अन्तरिक्षसम्म उडान गर्ने यानलाई के भनिन्छ ?

(क) यान (ख) अन्तरिक्ष (ग) अन्तरिक्षयान (घ) उपकरण

२. अन्तरिक्षयानको मुख्य काम के हो ?

(क) वायुमण्डल परको जानकारी प्राप्त गर्नु ।

(ख) पृथ्वीको सम्बन्धी जानकारी प्राप्त गर्नु ।

(ग) विभिन्न यानहरूको निर्माण गर्नु ।

(घ) विभिन्न सुविधा उपलब्ध गर्नु ।

३. गुरुत्वाकर्षण शब्द कसरी बनेको छ ?

(क) गुरु+आकर्षण (ख) गुरुत्वा+आकर्षण

(ग) गुरुत्वर्कण + ण (घ) गुरुत्व+आकर्षण

४. यान शब्दको पर्यायावाची शब्द कुन हो ?

(क) उपकरण (ख) उपग्रह (ग) विमान (घ) अन्वेषण

अदृष्टांश

२. तलको अनुच्छेद पढी सोधिएको प्रश्नहरूको सङ्क्षिप्त उत्तर लेख । २०

२००६ साल पुस तीन गते ताप्लेजुङको फावा खोलाको ओसे ठाउँमा तुलसी भट्टराई जन्मेका हुन् । ताप्लेजुङमै हाइस्कूलसम्मको अध्ययन सकी भारतको बनारसबाट दुई विषयमा स्नातकोत्तर र भाषा विज्ञानमा विद्यावारिधि गर्ने डा. भट्टराई बनारसमै राजनीतिक, पत्रकारिता र साहित्यसिर्जना क्षेत्रमा सक्रिय भएर लाग्छन् र तीनओटै क्षेत्रसँग सम्बन्धित ज्ञान प्राप्त गरी अभ्यास गर्छन् । करिब ६ वर्षसम्म बि.पीं कोइरालाको सान्निध्य र नेतृत्वमा राजनीतिक तालिम पाएका डा. भट्टराई बनारसबाट प्रजातान्त्रिक समाजवादप्रति प्रतिबद्ध व्यक्तिका रूपमा निस्कन्छन् । बनारसबाटै उनका कविता, कथा, उपन्यास, निबन्ध आदि प्रकाशन हुन थाल्छन् । बनारसबाटै उनी 'तरुण' छात्रप्रभा, एकता, समर्पण जस्ता पत्रिकाहरू सम्पादन गर्न थाल्छन् । उनी यसरी पत्रकार र साहित्यकारका रूपमा चिनिन्छन् ।

नेपालमा भएका हरेक प्रजातान्त्रिक आन्दोलनमा सक्रिय सहभागी डा. भट्टराईले 'राजधानी' साप्ताहिकका कार्यकारी सम्पादक, रेडियो नेपालका सल्लाहकार साझा प्रकाशनका महाप्रवन्धक र अध्यक्ष, गोरखापत्र संस्थानका अध्यक्ष र महाप्रवन्धक, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानका सदस्य सचिव भई नेपाली सञ्चार र साहित्यिक संस्थाको विकास र प्रवर्द्धन गर्ने कार्यमा महत्त्वपूर्ण योगदान गरेको देखिन्छ । डा. भट्टराई नेपाली भाषा साहित्यका क्षेत्रमा भाषाविज्ञ, पत्रकार, साहित्यिक पत्रकार र सम्पादक, समालोचक, कवि, निबन्धकार, आख्यानकार आदिका रूपमा प्रसिद्ध छन् । उनका एक दर्जन जति कृति प्रकाशित भईसकेको र त्यतिनै प्रकाशोन्मुख देखिन्छन् । 'विचारले नै विश्व शासन गरेको हुन्छ' भन्ने डा. भट्टराई 'स्रष्टा भनेको स्वयंम सत्ता हो भन्छन् ।

प्रश्नहरू:

(क) डा. तुलसी भट्टराईको जन्म कहिले र कहाँ भएको थियो ?

उत्तर:

(ख) तुलसी भट्टराई कुन-कुन क्षेत्रमा सकृय देखिन्छन् ?

उत्तर:

(ग) भट्टराईले कुन-कुन पत्रिकाको सम्पादन गरेका छन् ?

उत्तर:

(घ) सक्रिय र पत्रकार शब्दलाई वाक्यमा प्रयोग गर ।

उत्तर:

तल दिइएका विकल्पहरूमध्ये सर्वोत्कृष्ट उत्तरमा (√) चिन्न लगाउनुहोस् । १०

१. डा. तुलसी भट्टराईको जन्म कहाँ भएको थियो ?

(क) लमजुङ (ख) ताप्लेजुङ (ग) तेह्रथुम (घ) झापा

२. भट्टराई कुन पत्रिकाका सम्पादक होइनन् ?

(क) गरिमा (ख) एकता (ग) तरुण (घ) समर्पण

३. डा. भट्टराईले कति विषयमा स्नातकोत्तर गरेका थिए ?

(क) एक (ख) तीन (ग) दुई (घ) चार

४. सल्लाहकार शब्दको अर्थ के हो ?

(क) सल्लाह दिने (ख) सल्लाह लिने (ग) सल्लाह मान्ने (घ) कुनै पनि होइन

क्लोज प्रक्रिया २०

**दृष्टांश**

| | |
|---|---|
| संस्कृत साहित्य एक महासागर हो, जहाँ ................रत्नहरू पाइन्छन् । ती रत्नहरूमध्ये महाकवि कालिदासको विशिष्ट ............... छ । उनलाई संस्कृत साहित्यको पर्यायका रूपमा .......... लिन सकिन्छ । संस्कृत साहित्यका महान .............. आदिकवि बाल्मीकिले जुन रूपमा सफलता ................ छन् त्यही सफलताको शिखरमा विश्वकविका ............. महाकवि कालिदास पनि स्थापित ............. वछन् ।<br><br>कालिदासको जन्म लगभग २०५० वर्ष .............. भारतको उज्जैनमा भएको हो भन्ने ................ गरिएको छ । कालिदासको पारिवारिक परिचय .................. सकिएको छैन । उनी महामूर्ख थिए भन्ने किंवदन्ती ............ छ । सामान्य परिवारमा जन्मिएका, लेखपढको वातावरण नपाएका र ............. गर्ने भएका कारणले उनलाई महामूर्ख भनिएको ..........सक्छ । उनी कतिसम्म महामूर्ख थिएरे ........... रुखका हाँगाका टुप्पातिर आफू बसेर फेदतिर ............ त्यसलाई ढाल्न तम्सिएका थिए भन्ने ................ छ । यस्तो मूर्ख बालकपछि ......... संस्कृत साहित्यको महाकवि भएर विश्वकविका रूपमा संसारमा ........ होला भनेर त्यसबेला कसैले कल्पनासम्म ............. गर्न सक्दैनथ्यो । “हुने हार दैव नटार” यो भनाइ उनको ............ चरितार्थ भएको पाइन्छ । | सजिलै, भने, विश्वास, मुख्याईं, काटी, पाउन, अनेक, गएर, प्रतिभा, हुन, भनाइ, अगाडि, पाएका, प्रख्यात, भएका, पनि प्रचलित, स्थान, जीवनमा, रूपमा |

**अदृष्टांश** २०

| | |
|---|---|
| कहिल्यै निष्क्रिय भएर नबस्ने मानिसको ......... कस्ता कस्ता असम्भव कुराको त कल्पना गर्छ ......... आफ्ना साथीहरू को को छन् भन्ने ...... उठ्नुमा कुनै अस्वभाविकता थिएन । उही ......... कुरा एक दिन मेरो मनमा ..........उब्जियो । मैले आफ्ना सबैजसो साथीहरूलाई सम्झिरहे ......... बल गरी सम्झँदा पनि आफ्ना ......... साथीहरूको सङ्ख्या सयकडा पाँचसम्म पनि पुग्न ......... अर्थात् सयजना साथीहरूमध्ये पन्चानब्बेभन्दा पनि बढी ......... साथीहरू लोग्नेमानिस रहेछन् । म खुद लोग्ने मानिस .......... मेरो साथीहरूमध्ये धेरै जना लोग्नेमानिस नै ........ कुनै अस्वभाविक थिएन । तर स्वास्नीमानिस साथीहरूको ......... त्यस्तो विध्न कम देख्दा भने मलाई ........... बेमज्जा लाग्यो । हुनत स्वास्नीमानिसलाई हेला .......र पुरुषलाई प्रधानता दिने हाम्रो समाजमा ........... लोग्नेमानिसका पनि स्वास्नीमान्छे साथीहरू सारै ........... हुन्छन् । तैपनि आफ्ना आइमाई साथीहरूको सङ्ख्या हुनसम्म ....... देख्दा हाम्रो समाज भरिमा सबैभन्दा ......... जना आइमाई साथीहरू ......... लोग्नेमानिस म नै हुँ कि ........ लाग्यो । | विचार, सकेसम्म, मेरो, सङ्ख्या, गर्ने, थोरै, जस्तो, मनले, साधारण, भने, आइमाई, भएकोले, सकेन, हुन, पनि, कम, थोरै, सारै, जोसुकै, भएको |

## परिशिष्ट 'ख'

## अध्ययनमा सहयोगी विद्यालयको नामावली

१. श्री आदर्श बाल माध्यमिक विद्यालय, बरेटार

२. श्री शान्ति माध्यमिक विद्यालय, कुन्छा

३. श्री भक्ति नमुना माध्यमिक विद्यालय, भोटेबडार

४. सयपत्री अंग्रेजी माध्यमिक विद्यालय, सुन्दरबजार

५. फ्यूचर स्टार अंग्रेजी माध्यमिक विद्यालय, सिउँडीबार

६. अर्थली प्याराडाइज अंग्रेजी माध्यमिक विद्यालय, वेसीसहर ।

# शोधसार


| | |
|---|---|
| शोधशीर्षक : | लमजुङ जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन |
| शोधार्थी : | दुर्गादेवी पौडेल |
| शोधनिर्देशक : | राजेन्द्रप्रसाद पौडेल |
| विभाग/क्याम्पस : | नेपाली भाषा शिक्षा विभाग, विश्वविद्यालय क्याम्पस, त्रि.वि., कीर्तिपुर |
| शैक्षिक वर्ष: | २०६१/०६३ |
| पृष्ठ संख्या : | ६२+१६ |

अध्याय : ६

**शोधप्रक्रिया :**

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय शिक्षा शास्त्र सङ्काय नेपाली भाषा शिक्षा विभागअन्तर्गत एम.एड. नेपाली (शि. ५९८) पाठ्यांशको प्रयोजनको लागि तयार पारिएको हो ।

'लमजुङ जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन' गर्नु यस शोधकार्यको प्रमुख उद्देश्य हो । यसअन्तर्गत लमजुङ जिल्लाका निजी र सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको लिङ्गगत, स्थानगत, भाषागत, जातीगत, विद्यालयको प्रकृतिगत आधारमा अध्ययन गर्ने कार्य गरिएको छ ।

यस शोधकार्यको लागि सामग्री सङ्कलन गर्ने क्रममा प्राथमिक स्रोतका रूपमा लमजुङ जिल्लाका सम्पूर्ण विद्यालयका सम्पूर्ण विद्यार्थीहरूलाई समेट्न नसकिने भएकाले निजी तीन विद्यालयका ४५ र सार्वजनिक तीन विद्यालयका ४५ विद्यार्थीहरू गरी जम्मा ९० जना विद्यार्थीहरू नमुनाका लिइएको छ भने गौण सामग्रीका रूपमा पूर्वकार्यहरू, सन्दर्भ पुस्तकहरू, यसैसँग सम्बन्धित विभिन्न पत्रपत्रिकाहरू विभिन्न लेखरचनाहरू रहेका छन् ।

छ अध्यायमा सङ्गठित प्रस्तुत शोधकार्यलाई क्रमशः अध्याय एकमा शोध परिचय अन्तर्गत शोधको शीर्षक, शोधको प्रयोजन, यस अध्ययनसँग सम्बन्धित समस्याहरू, अध्ययनको उद्देश्य, प्राक्कल्पना, यस अध्ययन गर्नुको औचित्य, यस अध्ययन गर्नुभन्दा पूर्व गरिसकेका शोधको समीक्षा, शोध विधिका साथै यस अध्ययनलाई निश्चित सीमामा सीमाङ्कन गरी प्रस्तुत गरिएको छ ।

प्रस्तुत शोधकार्यको अध्याय दुईमा अध्ययन विधि रहेको छ । यस अध्यायमा लमजुङ जिल्लाका सम्पूर्ण विद्यालयका सम्पूर्ण विद्यार्थीहरू समेट्न नसकिने हुँदा भोटेवडार, सुन्दरबजार, बेसीसहर, कुन्छा गा.वि.स. अन्तर्गतका तीन निजी र तीन सार्वजनिक विद्यालय १५, १५ गरी जम्मा ९० विद्यार्थीहरू लिइएको छ । यस अध्ययनमा सामग्री निर्माण गर्ने क्रममा दृष्टांश र अदृष्टांश दुई किसिमका गद्यांशबाट संक्षिप्त उत्तरात्मक, बहुवैकल्पिक प्रश्नहरूका साथै क्लोज परीक्षणका प्रश्नहरू निर्माण गरिएको छ । यस सामग्रीको कार्यान्वयन गर्ने क्रममा परीक्षाको समयावधि १ घण्टा र प्रश्नको उत्तर प्रश्नमै दिने व्यवस्था गरिएको छ । प्रश्नपत्रको परीक्षणको लागि उत्तरकुञ्जिका तयार पारियो । प्रत्येक सही संक्षिप्त १० प्रश्नको ४ अंकका दरले ४० अङ्क, बहुवैकल्पिक एक सही उत्तरको २.५ का दरले ८ प्रश्नको ४० अङ्क र क्लोज परीक्षणको एक सही शब्द भरेवापत १ अङ्कका दरले ४० अङ्क गरी जम्मा १०० पूर्णाङ्कमा उत्तरपुस्तिका जाँच गरियो ।

यसै गरी अध्याय तीनमा सैद्धान्तिक परिचय शीर्षकअन्तर्गत बोधको परिचय व्युत्पत्ति र परिभाषाका आधारमा दिइएको छ साथै बोधका प्रकार श्रुतिबोध र पठनबोधको व्याख्या गरिएको छ । यसै गरी शिक्षार्थीहरूमा पठनबोध क्षमताको महत्व बारेमा पनि उल्लेख गरिएको छ । यसका साथै पठनबोध क्षमता विकासका चरणहरूको उल्लेख गर्नुका साथै यसमा प्रभाव पार्ने तत्त्वहरूका बारेमा पनि यस अध्यायमा व्याख्या एवम् विश्लेषण गरिएको छ ।

यस अध्ययनका क्रममा अध्याय चारमा व्याख्या तथा विश्लेषण शीर्षक रहेको छ । यस अध्यायमा समग्र विद्यार्थीहरूको प्रतिशत, मध्यमान, मानक विचलनका आधारमा पठनबोध क्षमताको स्थिति गणना गरियो । यसका साथै मध्यमान र मानक विचलनका आधारमा समूहगत, समूहगत दृष्टांश, समूहगत अदृष्टांश क्षमताको स्थिति पनि गणना गरियो । जसमा ४० प्रतिशतभन्दा बढी विद्यार्थी ८० प्रतिशतभन्दा माथि पठनबोध क्षमता भएको, मध्यमानभन्दा तलभन्दा मध्यमानभन्दा माथि ल्याउने विद्यार्थीहरूको सङ्ख्या बढी रहेको देखिन्छ । दृष्टांश पठनबोध क्षमताभन्दा अदृष्टांश पठनबोध क्षमता कमजोर रहेको देखिन्छ । यसै गरी गाउँतर्फका भन्दा सहरतर्फका, नेपाली दोस्रोभाषीभन्दा नेपाली पहिलोभाषी सार्वजनिक विद्यालयका भन्दा निजी विद्यालयका विद्यार्थीहरू, नेवार र गुरुङ्ग जाति विद्यार्थीहरूभन्दा बाहुन/क्षत्री जाति विद्यार्थीहरुको पठनबोध क्षमता उच्च रहेको देखिन्छ ।

प्रस्तुत शोधकार्यको अध्याय ६ मा निष्कर्ष र सुझाव शीर्षक रहेको छ । निष्कर्षमा हेर्दा प्रतिशत र मध्यमानका  आधारमा समग्र विद्यार्थीहरूको पठनबोध क्षमता उच्च रहेको पाइन्छ । दृष्टांश पठनबोध क्षमताभन्दा अदृष्टांश पठनबोध क्षमता कमजोर बढेको देखिन्छ । यसै गरी सार्वजनिक विद्यालयका भन्दा निजी विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमता उच्च, नेपाली दोस्रोभाषीभन्दा नेपाली पहिलोभाषी विद्यार्थीहरूको पठनबोध क्षमता उच्च, अन्य जातिहरूको भन्दा बाहुन/क्षत्री जातिको पठनबोध क्षमता उच्च रहेको पाइन्छ ।

यस अध्यायमा निष्कर्षका साथै सुझावहरू पनि दिइएको छ । विद्यार्थीहरूमा दृष्टांशभन्दा अदृष्टांश पठनबोध क्षमता कमजोर रहेकोले विद्यार्थीहरूमा स्वाध्ययन गर्ने बानीको विकास गराउनुका साथै विद्यालयमा पनि विभिन्न पत्रपत्रिका, सन्दर्भ पुस्तकहरू उपलब्ध गराई पढ्ने बानीको विकास गर्नुपर्ने देखिन्छ । यसका साथै नेपाली दोस्रोभाषी विद्यार्थीहरू नेपाली पहिलोभाषी विद्यार्थीहरूभन्दा कमजोर रहेकाले नेपाली भाषाप्रतिको नकारात्मक धारणा हटाई, घर र विद्यालयमा मातृभाषा बोल्न नदिने व्यवस्था गर्नुपर्दछ । यसै गरी निजी विद्यालयकाभन्दा सार्वजनिक विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमता कमजोर रहेकाले सार्वजनिक  विद्यालयमा पनि नियमित पठनपाठनको साथै विभिन्न सन्दर्भसामग्री तथा पत्रपत्रिकाको व्यवस्था गर्नुपर्ने देखिन्छ । यसका साथै विद्यार्थीहरूमा पठनबोध क्षमता विकासको लागि पठनबोध क्षमतासम्बन्धी विभिन्न कृयाकलाप गराउनुपर्दछ । विषय शिक्षकद्वारा पठनपाठन गराउनको साथै शिक्षकहरूलाई तालिम दिने व्यवस्था गर्नुपर्ने देखिन्छ । यसका साथै विद्यार्थीहरूमा पठनपाठन कृयाकलापमात्र नभई विभिन्न पत्रपत्रिका, लेख रचना र सम्बन्धित क्षेत्रसँग सम्बन्धित मिल्दा कृयाकलाप कक्षामा गर्नुपर्ने देखिन्छ ।

# व्यक्तिगत विवरण



| | | |
|---|---|---|
| नाम | : | दुर्गादेवी पौडेल |
| ठेगाना | : | लमजुङ, सुन्दरबजार-५ |
| जन्ममिति | : | २०३६/११/०७ |
| बाबुको नाम | : | श्रीकृष्ण पौडेल |
| शैक्षिक योग्यता | : | एम.एड. (नेपाली) |
| पेसा | : | शिक्षण |
| लेखन | : | कविता, गजल |
| रुचि | : | पत्रपत्रिका, साहित्यअध्ययन र गायन |

शिक्षा

| | | |
|---|---|---|
| १. एस.एल.सी | - | श्री आदर्श बाल माध्यमिक विद्यालय, सुन्दरबजार |
| २. १०+२ | - | श्री भक्ति नमुना उच्च माध्यमिक विद्यालय, भोटेवडार |
| ३. वि.एड. | - | भक्ति आदर्श क्याम्पस, भोटेवडार |
| ४. एम.एड. | - | त्रिभुवन विश्वविद्यालय क्याम्पस, कीर्तिपुर |

**अनुभवः**

– प्रा.वि. तहमा १ वर्ष शिक्षण

– नि.मा.वि. तहमा ३ वर्ष शिक्षण

**तालिम**

– एक महिने कम्प्युटर

– एक महिने कटिङ

– १५ दिने रेडक्रस्

**पुरस्कृत :** विभिन्न साँस्कृतिक कार्यक्रममा ।

# निर्देशकको सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्कायअन्तर्गत नेपाली भाषा शिक्षण विभाग स्नातकोत्तर तह, दोस्रो वर्षको नेपा.शि. ५९८ पाठ्यांशको प्रयोजनार्थ प्रस्तुत 'लमजुङ जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन' शीर्षकको शोधपत्र शोधार्थी दुर्गादेवी पौडेलद्वारा मेरो निर्देशनमा तयार पारिएको हो । निजको मेहनत र लगनशीलताले तयार पारिएको यस शोधपत्रप्रति म सन्तुष्ट छु । प्रस्तुत शोधपत्र मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

मिति: २०६४/०४/

शोधनिर्देशक

................................

राजेन्द्रप्रसाद पौडेल

उपप्राध्यापक

नेपाली भाषा शिक्षण विभाग

त्रि.वि., कीर्तिपुर

**त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय**
**नेपाली भाषा शिक्षा विभाग, कीर्तिपुर**

# स्वीकृति–पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्कायअन्तर्गत नेपाली भाषा शिक्षा विभागकी छात्रा दुर्गादेवी पौडेलले राजेन्द्रप्रसाद पौडेलको निर्देशनमा स्नातकोत्तर तह द्वितीय वर्षको पाँचौं पत्र (नेपा.शि. ५९८) का लागि तयार पारिएको 'लमजुङ जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन' शीर्षकको शोधपत्र सम्बन्धित तहका लागि उपयुक्त भएकाले स्वीकृति प्रदान गरिएको छ ।

**शोधपत्र मूल्याङ्कन समिति**

| | नाम | हस्ताक्षर |
|---|---|---|
| १. | श्री भोजराज ढुङ्गेल<br>(नेपाली भाषा शिक्षा विभाग, प्रमुख) | ................................ |
| २. | प्रा.डा. हेमाङ्गराज अधिकारी | ................................ |
| ३. | प्रा.डा. रामचन्द्र लंसाल | ................................ |
| ४. | सहप्रा.डा. पारसमणि भण्डारी | ................................ |
| ५. | उपप्रा. राजेन्द्रप्रसाद पौडेल | ................................ |

मितिः २०६४/०४/

# कृतज्ञताज्ञापन

'लमजुङ जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन' शीर्षकको प्रस्तुत शोधपत्र हाम्रा आदरणीय गुरु राजेन्द्रप्रसाद पौडेलज्यूको निर्देशनमा तयार पारेकी छु । आफ्नो व्यस्त समयको बावजुद पनि मलाई कुशल निर्देशन र आवश्यक सरसल्लाह दिनु हुने शोधनिर्देशक गुरु राजेन्द्रप्रसाद पौडेलज्यूमा सर्वप्रथम हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । त्यसै गरी शोधप्रस्तावलाई विभागीय स्वीकृति प्रदान गरी शोध कार्य गर्न अनुमति दिनु हुने विभागीय प्रमुख श्री भोजराज ढुङ्गेलमा पनि म हार्दिक आभार व्यक्त गर्दछु ।

प्रस्तुत शोधपत्र लेख्ने क्रममा सुरुदेखि अन्त्यसम सहयोग पुऱ्याउनु हुने नेपाली भाषा शिक्षण विभागका गुरुहरू प्रा.डा. हेमाङ्गराज अधिकारी, प्रा.डा. रामचन्द्र लम्साल, प्रा.डा. केदारप्रसाद शर्मा, डा. पारसमणि भण्डारी, डा. माधव आचार्य, सहप्राध्यापक महेश्वर न्यौपाने लगायत विभागका सम्पूर्ण गुरुहरूप्रति हृदयत आभार प्रकट गर्दछु ।

आँफूले सधैं दस नङ्ग्रा खियाएर भएपनि तन, मन, धन खर्च गरेर सधैं पढाइमा हौसला दिनु हुने मेरा बुबा श्रीकृष्ण पौडेल, आमा भगवती पौडेलका साथै दाजु विजय पौडेल, भाउजू गोमा पौडेल भाइहरू रिदय, संजय, विज्ञान पौडेलप्रति म हृदयदेखि नै हार्दिक आभार व्यक्त गर्दछु । त्यस्तै सधैं पाइला-पाइलामा सहयोग, सुझाव, सल्लाह, हौसला प्रदान गर्नुहुने मेरा जीवनसाथी श्री भगवान कोइरालाप्रति पनि म हृदयतः आभार व्यक्त गर्दछु ।

यस शोधकार्य आरम्भदेखि अन्त्यसम्म सहयोग गर्नुहुने साथी राजेश महर्जन र रीता खनालप्रति पनि म आभारी छु । मेरो अध्ययनमा सहयोग गर्नुहुने सम्पूर्ण आफन्तहरू, विद्यालयदेखि विश्वविद्यालय तहसम्म अध्यापन गर्ने सबै गुरुहरूलाई पनि सम्झनुपर्ने म आफ्नो कर्तव्य ठान्दछु ।

अन्त्यमा टङ्कण गरिदिनु हुने 'जी' कम्प्युटर सेन्टर, कीर्तिपुरका जितेन महर्जनलाई धन्यवाद दिंदै प्रस्तुत शोधपत्रको आवश्यक मूल्याङ्कनका निम्ति नेपाली भाषा शिक्षा विभाग समक्ष पेश गर्दछु ।



शैक्षिक सत्रः ०६२/०६३ दुर्गादेवी पौडेल

मितिः २०६४/४

# “लमजुङ जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन”

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षा विभाग
स्नातकोत्तर तह (एम.एड.) द्वितीय वर्षको नेपा.शि. ५९८ पाठ्यांशको
प्रयोजनार्थ प्रस्तुत

## शोधपत्र


**शोधकर्ता**

दुर्गादेवी पौडेल

**क्याम्पस रोल नं.: २९६**

**दोस्रो वर्ष परीक्षा सि.नं. : २८०७०१/०६३**

**त्रि.वि. द.नं. ९-२-३८०-८-२०००**

**नेपाली भाषा शिक्षा विभाग**

**त्रि.वि., कीर्तिपुर**


**२०६४**

(२८४) “लमजुङ जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन” – दुर्गादेवी पौडेल

# विषयसूची

| | |
|---|---|
| | **पृष्ठ** |
| अध्याय एक | |
| **शोधपरिचय** | १-८ |
| १.१ शोधशीर्षक | १ |
| १.२ शोधको प्रयोजन | १ |
| १.३ समस्याकथन | १ |
| १.४ शोधको उद्देश्य | २ |
| १.५ प्राक्कल्पनाः | २ |
| १.६ पूर्वकार्यको समीक्षा | ३ |
| १.७ शोधविधि | ६ |
| १.८ अध्ययनको औचित्य | ६ |
| १.९ अध्ययनको सीमाङ्कन | ७ |
| १.१० शोधपत्रको रूपरेखा | ८ |
| अध्याय दुई | |
| **अध्ययन विधि** | ९-१३ |
| २.१ जनसङ्ख्या | ९ |
| २.२ प्रतिनिधि नमुना | ९ |
| २.३ सामग्री निर्माण | १० |
| २.४ सामग्रीको कार्यान्वयन | १० |
| २.५ तथ्याङ्कको सङ्कलन र विश्लेषण | ११ |
| अध्याय तीन | |
| **सैद्धान्तिक परिचय** | १४-२२ |
| ३.१ बोधको परिचय | १४ |
| ३.२. बोधका प्रकार | १५ |
| ३.२.१ श्रुतिबोध | १५ |
| ३.२.२ पठनबोध | १६ |
| ३.३ पठनबोधको महत्त्व | १८ |
| ३.४ पठनबोधका चरणहरू | १९ |
| ३.५ पठनबोधमा प्रभाव पार्ने तत्वहरू | २० |

अध्याय चार

**व्याख्या तथा विश्लेषण** २३–४२

४.१ समग्र विद्यार्थीहरूको पठनबोध क्षमताको स्थिति २४

४.१.१ प्रतिशतको आधारमा समग्र विद्यार्थीहरूको पठनबोध क्षमताको स्थितिः २४

४.१.२ मध्यमान र मानक विचलनका आधारमा विद्यार्थीहरूको पठनबोध क्षमताको स्थितिः २४

४.२ विद्यार्थीहरूको दृष्टांश पठनबोध क्षमताको स्थितिः २५

४.२.१ प्रतिशतको आधारमा विद्यार्थीहरूको दृष्टांश पठनबोध क्षमताको स्थितिः २५

४.३ विद्यार्थीहरूको अदृष्टांश पठनबोध क्षमताको स्थितिः २६

४.३.१ प्रतिशतको आधारमा विद्यार्थीहरूको अदृष्टांश पठनबोध क्षमताको स्थितिः २६

४.३.२ मध्यमान र मानक विचलनका आधारमा विद्यार्थीहरूको दृष्टांश पठनबोध क्षमताको स्थिति २७

४.३.३ मध्यमान र मानक विचलनका आधारमा विद्यार्थीहरूको अदृष्टांश पठनबोध क्षमताको स्थितिः २७

४.४ समग्र विद्यार्थीहरूको दृष्टांश र अदृष्टांश पठनबोध क्षमताको तुलनाः २८

४.५ समग्र मध्यमान र मानक विचलनका आधारमा विद्यार्थीहरूको पठनबोध क्षमताको समूहगत स्थितिः ३०

४.६ समग्र मध्यमान र मानक विचलनका आधारमा विद्यार्थीहरूको समूहगत दृष्टांश पठनबोध क्षमताको स्थिति ३५

४.७ समग्र मध्यमान र मानक विचलनका आधारमा विद्यार्थीहरूको समूहगत अदृष्टांश पठनबोध क्षमताको स्थिति ३९

अध्याय पाँच

**तुलनात्मक विश्लेषण** ४३–५१

५.१ विभिन्न समूहबीचमा पठनबोध क्षमताको तुलनात्मक स्थिति ४३

५.१.१ स्थानीयताका आधारमा पठनबोध क्षमतामा गाउँ र सहरबीच तुलना ४३

५.१.२ पठनबोध क्षमतामा लैङ्गिक आधारमा छात्र र छात्राबीचको तुलना ४५

५.१.३ भाषिक पृष्ठभूमिका आधारमा नेपाली मातृभाषी र नेपाली दोस्रोभाषीबीच तुलना ४६

५.१.४ विद्यालयको प्रकृतिका आधारमा पठनबोध क्षमता निजी र सार्वजनिक विद्यालयबीच तुलना ४७
५.१.४.१ पठनबोध क्षमतामा जातीयताका आधारमा बाहुन/क्षत्री र गुरुङ्ग जाति विद्यार्थीबीच तुलना ४८
५.१.४.२ पठनबोध क्षमतामा जातीयताका आधारमा बाहुन/क्षत्री र नेवार विद्यार्थीवीच तुलना ४९
५.१.४.३ पठनबोध क्षमतामा जातीयताका आधारमा गुरुङ्ग र नेवार विद्यार्थीबीच तुलना ५१
अध्याय ६
**निष्कर्ष तथा सुझाव** ५२-६०
६.१ निष्कर्ष ५२
६.२ सुझावहरू ५८
६.३ भावी अध्ययनका लागि सम्भावित शीर्षकहरू ५९
**सन्दर्भग्रन्थसूची** ६१-६२
**परिशिष्ट**